**मजदुर विज्ञापन शाखा**

नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१


# मजदुर


The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७ ६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : ७८ ★ ने. सं. ११४६ चौला गा, नवमी ★ शनिबार ★ २८ चैत, २०८२ ★ April 11, 2026, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## जनता राजनीतिक रूपमा सचेत नभएसम्म देशमा आमूल परिवर्तन नहुने




भक्तपुर, २७ चैत । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा ख्वप कलेज अफ लको आयोजनामा आ.व.२०८२/८३ मा नयाँ भर्ना भएका विद्यार्थीहरूलाई स्वागत तथा नयाँ वर्ष र बिस्का जात्राको शुभकामना आदानप्रदान कार्यक्रम एवं पुरस्कार वितरण कार्यक्रम बिहीबार सम्पन्न भयो ।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि बिजुक्छेँले जनता राजनीतिक रूपमा सचेत नभएसम्म देशमा आमूल परिवर्तन नहुने उल्लेख गर्दै पुँजीवादी देशका अधिकांश सांसद फौजदारी मुद्दामा परेका बताउनुभयो । समाज राम्रो बनाउन सांसदहरू इमानदार र असल हुनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले आलोचना राम्रो होस् भन्ने हेतुले गर्ने हो; आलोचनाबाट कोही पनि भाग्न हुँदैन भन्नुभयो ।

उहाँले इमानदार व्यक्तिले मात्र खराब व्यक्तिहरूलाई नियन्त्रण गर्न सक्छ; तसर्थ देशलाई इमानदार वकिलको आवश्यकता छ भन्नुभयो ।

वरिष्ठ अधिवक्ता डा. ध्रुवलाल श्रेष्ठले फागुनको निर्वाचनपश्चात् आएको जनादेशले देश र जनताको निम्ति काम गर्नुपर्छ भन्नुभयो ।

कानुनी क्षेत्र भनेको कानुनी तहमा बसेर खाका तयार गरेर अगाडि बढ्ने उल्लेख गर्दै उहाँले कानुनको विद्यार्थीमा सहज न्याय दिनको लागि खुला वकालत गर्नसक्ने क्षमता र प्रतिबद्धता हुनुपर्छ भन्नुभयो ।

ख्वप कलेज अफ लका सञ्चालक समिति अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कानुन मानिसको जीवनको महत्त्वपूर्ण पक्ष हो; कानुन नबुझ्नेले दु:ख पाउँछ भन्नुभयो । उहाँले नेपालमा सुशासन कायम गर्न र भ्रष्टाचार नियन्त्रणको लागि थुप्रै कानुन बनेको भए तापनि पूर्णरूपमा कार्यान्वयन नभएकोले समस्या भएको बताउनुभयो ।

उहाँले नपाद्वारा सञ्चालित ७ वटा शैक्षिक संस्थामा ७५०० भन्दा बढी विद्यार्थीलाई सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको चर्चा गर्दै आगामी दिनमा शैक्षिक गन्तव्य बनाउन प्रयासरत रहेको बताउनुभयो ।

उहाँले कानुन पढ्ने विद्यार्थीले सबैको हितको निम्ति कानुन निर्माण गर्न प्रतिबद्ध हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा कलेजका प्राचार्य अनिता जधारीले ख्वप कलेज अफ लमा अध्ययनरत विद्यार्थीहरूले शिक्षा डिग्री प्राप्त गर्ने माध्यमको रूपमा मात्र होइन समाज परिवर्तन गर्ने माध्यमको रूपमा लिनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा ख्वप माविका प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्य, शिक्षक डा. आस्था दाहाल र विद्यार्थी प्रवीण बयरले कानुनको महत्त्वबारे आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

## ट्रम्प प्रशासनको इरानमा सैन्य हमलाको विरोध हुनु जरुरी



भक्तपुर, २७ चैत । नेपाल क्रान्तिकारी डकर्मी सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा बिस्का जात्रा, नव वर्ष २०८२ सालको शुभकामना आदान-प्रदान एवम् डकर्मी भित्तेपात्रोको विमोचन कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, "नेमकिपाका कार्यकर्ताहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषय अध्ययन गर्नु आवश्यक छ । नेपालमा यतिखेर इन्धनको अभाव र महँगी हुनु अन्तर्राष्ट्रिय कारण हो । संरा अमेरिकाको ट्रम्प प्रशासनले भेनेजुयला र इरानमा सैन्य हमला नगरेको भए अहिलेको आर्थिक सङ्कट यतिधेरै बल्भिने थिएन ।"

ट्रम्प प्रशासनले नै इरानको इन्धन कब्जा गर्न इरानमा सैन्य आक्रमण गरेको र इरानले ट्रम्प प्रशासनलाई जवाफ दिएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "ट्रम्प प्रशासनले इरानको आणविक प्लान्ट र महत्त्वपूर्ण पुलमा आक्रमण गर्ने चेतावनी दिएपछि सम्पूर्ण इरानी जनता सडकमा ओर्लेर ट्रम्प प्रशासनको विरोधमा देशभक्ति प्रदर्शन गरे । अन्तत: ट्रम्प प्रशासन १५ दिन युद्धविराम गर्नुपर्ने अवस्थामा पुग्यो ।"

उहाँले थप्नुभयो, "सन् १९६५-७५ को भियतनाम युद्ध पनि संरा अमेरिकी सरकारले सुरू गरेको थियो । त्यसबेला संरा अमेरिकी सैन्य कमान्डरहरूले भियतनाम युद्धमा जान अस्वीकार गरेका थिए । अहिले पनि इरानसँग युद्ध गर्न संरा अमेरिकाको सेना प्रमुख र सैनिक अधिकारीहरूले एक हप्ताअघि राजीनामा दिएको सार्वजनिक भयो ।"

ट्रम्प प्रशासनले नै इरान युद्ध सुरू गरेकोले इरानलाई क्षतिपूर्ति दिएर अब उप्रान्त इरानमा सैन्य हमला नगर्ने प्रत्याभूति दिनु आवश्यक भएको सचिव सुवालले बताउनुभयो ।

उहाँले भन्नुभयो, "इन्धन अभाव र महँगीले नेपालको जनजीवन पनि कठिन भइरहेको छ । यो सरकार बहालीको १४ दिनयता इन्धनको मूल्य दुईपटक बढ्यो । नेपालीको जनजीवन सहज बनाउन नेपाल सरकारले पनि ट्रम्प प्रशासनको सैन्य हमलाको निन्दा गर्नु जरूरी छ ।"

सरकारले विदेशी राजदूतहरूसँगको हालैको भेटमा नयाँ सरकार हुनु निरन्तरताको विच्छेद नभएको धारणा राख्दै सचिव सुवालले पुरानै तरिकाले काम गर्ने भए नयाँ सरकारको आवश्यकता किन भनी प्रश्न गर्नुभयो ।

उहाँले भन्नुभयो, "सरकारले १२ दिनमा ४० अर्ब १६ करोड रुपैयाँ विदेशी ऋण बढाएको पुरानाको निरन्तरता नै हो । इन्धनमा मूल्यवृद्धिसँगै नेपालमा गरिबी थप बढ्यो । सरकार सचेत हुनु आवश्यक छ ।"

डकर्मी सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष रमेश दुमरूको सभापतित्वमा भएको सो कार्यक्रममा

**बाँकी पृष्ठ ८ मा**

## प्रसिद्ध बिस्का जात्रा तथा नयाँ वर्ष २०८३ को अवसरमा शुभकामना सभा सम्पन्न

भक्तपुर, २७ चैत । प्रसिद्ध बिस्का जात्रा तथा नयाँ वर्ष २०८३ को अवसरमा शुभकामना सभा तौमढी सम्पन्न भयो ।

कार्यक्रमका सभापति तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बिस्का जात्रा साझा जात्रा भएको उल्लेख गर्दै यो ८ रात ९ दिनसम्म चल्ने जानकारी दिनुभयो । उहाँले भक्तपुर सम्पदाको सहर भएकोले विश्वको ध्यान आकर्षित भएको र पर्यटकहरूको उल्लेखनीय उपस्थितिले जात्रालाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउँदै लगेको बताउनुभयो । सभ्य र भव्य रूपमा जात्रा मनाउन सबै पक्षबिच समन्वय भइरहेको र दुर्घटनाप्रति सचेत हुन आग्रह गर्नुभयो । कार्यक्रममा उपप्रमुख रजनी जोशीले बिस्का जात्रा सबैको साझा सम्पत्ति भएको उल्लेख गर्दै पुर्खाले सिर्जेको सम्पदाको संरक्षण गर्नु सबैको कर्तव्य भएको बताउनुभयो ।

उहाँले जात्राको सांस्कृतिक महत्त्व उल्लेख गर्दै रथ निर्माणमा संलग्न व्यक्तिहरूलाई इन्जिनियरिङ सरहको दक्षता भएको उल्लेख गर्नुभयो । प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले बिस्का जात्रालाई हर्षोल्लासपूर्ण र शान्तिपूर्ण रूपमा मनाउन आग्रह गर्नुभयो । उहाँले भक्तपुरको जात्रा आकर्षणको केन्द्र बनेको उल्लेख गर्दै गलत गतिविधि निरुत्साहित गर्नुपर्ने र विशेषगरी युवाहरू जिम्मेवार बन्नुपर्नेमा जोड दिनुभयो ।




सुरक्षाका लागि आवश्यक तयारी भइरहेको जानकारी दिँदै रथमा जुत्ता-चप्पल लगाएर नचढ्न र धार्मिक आस्थाको सम्मान गर्न आग्रह गर्नुभयो । ढुङ्गामुढा गर्ने व्यक्तिलाई प्रहरीको निगरानीमा राखिने चेतावनी पनि दिनुभयो ।

गुठी संस्थान कार्यालय भक्तपुरका आनन्द कर्मचार्यले जात्रालाई अझ

**बाँकी पृष्ठ ८ मा**

### व्यङ्ग्यचित्र कुनो





भक्तपुर भिमसेनस्थानस्थित पाटी पुनर्निर्माणमा श्रमदान गर्दै सम्पदाप्रेमी स्थानीय जनता शुक्रबार । सम्पदा संरक्षणमा श्रमदान गर्ने भक्तपुरवासीहरूको परम्परा देखिकै चलन हो । *तस्बिर : पी. तमखु/मजदुर दैनिक*

# नौ दिन आठ रात मनाइने बिस्का जात्रा सुरु

*- लक्ष्मी गारु*

भक्तपुर, २७ चैत । भक्तपुरको सांस्कृतिक एवं ऐतिहासिक महत्त्व बोकेको प्रसिद्ध बिस्का जात्रा शुक्रबारदेखि सुरु हुँदै छ ।

काठैकाठले प्यागोडा शैलीमा निर्माण गरिएको तीनतले भैलख:मा भैरवनाथको मूल देवता र बेताल देवतालाई विराजमान गराई पाँचतले मन्दिर प्राङ्गणबाट थने (माथिल्लो) र क्वने (तल्लो) टोलमा तानेर लैजाने गर्छ । तान्नु अघि भैलख:मा खड्ग, तरबार, निशान राख्ने गर्दछ ।

बिस्का जात्राको पहिलो दिन पाँचतले मन्दिर प्राङ्गणबाट भैलख:लाई क्वने र थनेका बासिन्दाले अगाडि पाँच र पछाडि चार वटा डोरी तानातान गरेर आ-आफ्नो टोलतर्फ लैजाने गर्छ ।

जात्राको चौथो दिन बिहान तालाक्वस्थित कुमाले टोलमा ल्हामरुम्ह यसिंद्यो (हात नभएको लिङ्गो) उभ्याइन्छ भने साँझपख: तान्त्रिक विधिपूर्वक दसकर्म विधान गरी ५५ हात लामो यसिंद्यो: भेलुखेलस्थित योसिंखेलमा उभ्याइन्छ । यसिंद्यो: (लिङ्गो) उभ्याउने जात्रा बिस्काको अर्को आकर्षण रहेको छ । पुरानो वर्षको बिदाइ र नयाँ वर्षको आगमनको पूर्वसन्ध्यामा यसिंद्यो: उभ्याउने गरिन्छ ।

यसिंद्यो: कोखामा झुण्ड्याइएका दुई ध्वजाहरूलाई वीरध्वजा र विश्वध्वजा भनिन्छ । यसिंद्यो: उभ्याउन बाँधिएका आठवटा डोरीलाई अष्ट मात्रिकाको प्रतीक मानिन्छ । यसिंद्यो: उठाइसकेपछि राति नवदुर्गा देवगण त्यहाँ उपस्थित हुन्छ । तलेजुमा दुमाजुको विशेष पूजा गरी जात्रा गरिन्छ ।

यस दिन भैलख: र भद्रकालीको रथलाई योसिंखेलमा पुऱ्याइन्छ । यसिंद्यो: उठ्नासाथ स्थानीय बाराही देवीको तिंप्वा: जात्रा इन्द्रायणी देवीको त्वारिवा जात्रा मनाइन्छ ।

बिस्का जात्राको पाँचौं दिन अर्थात् नयाँ वर्ष वैशाख १ गते बिहानैदेखि चुपिंघाट र योसिंखेलमा भक्तजनहरूको भीड हुन्छ । यस दिन स्थानीय टोल टोलमा भैरव, भद्रकाली, बेताल र यसिंद्यो:को दर्शनपूजन गरिन्छ । बेताललाई पोथी कुखुराको बलि दिइन्छ । साँझ भैरवनाइकेहरूले विधिवत् रूपमा पूजा गरी साँझ यसिंद्यो: ढालिन्छ । त्यसको लगतै भैलख: र भद्रकालीको रथलाई तानेर गा:हिटीमा पुऱ्याएर एकापसमा जुधाई सङ्गम जात्रा मनाइन्छ । जसलाई स्थानीय भाषामा द्यो: ल्वाकिगु जात्रा भनिन्छ । तलेजुमा दुमाजु देवीको जात्रा गरिन्छ ।

जात्राको छैटौं दिन महाकाली र महालक्ष्मीको जात्रा गरिन्छ । सातौं दिन ब्रह्मायणी र महेश्वरीको जात्रा गरिन्छ । यसै दिन तालाक्वमा बटुकभैरव र ज्याठा गणेशको जात्रा गरिन्छ भने खँलामा परदेशी भीमसेनको खटजात्रा मनाइन्छ । आठौं दिनमा भक्तपुरका शक्तिशाली देवदेवीहरूलाई आ-आफ्नो द्योछेँबाट निकाली प्राङ्गण, सत्तल र पाटीहरूमा राखेर पूजा गरी विभिन्न प्रसादहरू चढाएर द्यो स्वगं पूजा (सगुन जात्रा) मनाइन्छ । यो जात्रा दिनभरि मनाइन्छ ।



जात्राको अन्तिम दिन बिहान तालाक्वस्थित कुमाले टोलमा ल्हामरुम्ह यसिंद्यो (हात नभएको लिङ्गो) ढाल्ने जात्रा मनाइन्छ । साँझ चोछेँ टोलमा छुमा गणेश जात्रा मनाइन्छ । यस दिन भैलख:लाई ग:हिटीबाट पहिलो दिनमा जस्तो थने (माथिल्लो) र क्वने (तल्लो) टोलका बासिन्दाले तानातान गरी जात्रा सम्पन्न गरिन्छ ।

बिस्का जात्राका ऐतिहासिक पक्षका सम्बन्धमा तमारीस्थित यक्ष मल्लको पालाको शिलालेखमा पहिलोपल्ट जात्रालाई सम्बोधन गर्दा विश्व जात्रा भनी उल्लेख गरिएको संस्कृतिविद् एवम् इतिहासविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले बताउनुभयो ।

भक्तपुरको राजदरबारमा नेपाल संवत् ८०८ र ८१८ को राजा जीतामित्र र भूपतीन्द्र मल्लको पालामा लेखिएको अभिलेखमा विस्यात शब्द उल्लेख रहेको प्राडा श्रेष्ठले बताउनुभयो । तलेजुमा अहिलेसम्म चल्ने बिस्का जात्राको सङ्कल्प पूजामा विश्वजात्रा महापर्व भनेर सम्बोधन गरिएको उहाँले भन्नुभयो ।

प्राडा श्रेष्ठले बिस्का जात्राको प्रचलित किंवदन्ती गलत भएको दाबी गर्नुभएको छ । उहाँले बिस्का जात्रा नितान्त भैरवनाथ र भद्रकालीसँग सम्बन्धित रहेको र सर्प मारेको, नागनागिनीसँग जोडिएको किंवदन्ती भ्रम रहेको बताउनुभयो । यो जात्रा विश्वनाथ भैरवको मात्र नभई उनकै शक्ति भद्रकालीको हो । विश्व भैरवनाथको प्रतीक जात्राको चौथो दिन भेलुखेलको योसिंखेलमा उठाएको योसिंद्यो:मा फहराइने एकजोडी हलिपत (ध्वजा) साक्षात भैरव र भद्रकालीको हो । यसलाई जबरजस्ती 'वि' को अर्थ सर्प र 'स्यात' को अर्थ मारियो भन्ने अर्थमा बिस्क, बिस्का, बिस्केत चल्दै आएको भ्रमको मानसिकता व्याप्त रहेको छ ।

उहाँले भन्नुभयो, "नाम, प्रमाण र भाषा विज्ञानकै सहारा लिएर भन्ने हो भन्ने 'वि' को अर्थ हो पुरानो । नवदुर्गा गणलाई वि त्वंकेगुभन्दा तान्त्रिक विधिपूर्वक पुरानो रगत खुवाउने प्रचलन अहिलेसम्म चलिआएको छ । स्यातको अर्थ मारियो हो तर बिस्क, बिस्कामा कहाँ क हरायो त भन्ने मेरो प्रश्न हो ? स्यातबाट कसरी स्का हुन गयो ? यो जात्राको विषयमा अहिलेसम्म चलेका प्रमाण, अभिलेख र मल्लकालीन राजा जगत प्रकाश मल्लदेखि शाहवंशीय राजा त्रिभुवन, ज्ञानेन्द्र र तत्कालीन प्रधानमन्त्री गिरिजाले फेरेका हलिपतमा हेर्ने हो भन्ने विश्वकेतु, विरध्वजा लेखिएको छ । यस मानेमा विश्वनाथको ध्वजा विश्वध्वजा र वीरध्वजा हो भन्ने कुरा स्पष्ट छ । यसमा वीर भनेर भैरवको वाहन वीर बेताललाई भनिएको हो । त्यस मानेमा ध्वजा विश्वध्वजा र वीरध्वजा मान्न सकिन्छ । तर, जनमानसमा यो नागनागिनी भनेर प्रचलित छ यो गलत हो ।"

जात्रालाई मर्यादित र शान्तिपूर्ण तरिकाले सम्पन्न गर्न चरणबद्ध रूपमा सरोकारवालाहरूसँग छलफल गरेर विभिन्न रणनीति तयार गरेको बताउँदै प्रजिअ उमेशकुमार ढकालले यस वर्ष जात्रामा नेपाल प्रहरी, सशस्त्र प्रहरी र सादा पोशाकमा करिब दुई हजार सुरक्षाकर्मी परिचालन गर्ने जानकारी दिनुभयो । जात्रामा उच्छृङ्खल गतिविधि गर्ने र हुलदङ्गा मच्चाउन खोज्नेको पहिचान गर्न व्यापकरूपमा सादा पोसाकमा सुरक्षाकर्मी परिचालन गर्ने उहाँले बताउनुभयो ।

भैलख:मा अनियन्त्रित तरिकाले धेरै मानिस चढ्नाले रथबाट खसेर घाइते हुनु, च्याप्नु, किचेर ज्यान जाने भएकाले त्यसलाई नियन्त्रण गर्न भैलख:मा भैरव नाइके, गुथि र स्थानीय क्लबका सीमित पदाधिकारीहरू मात्र चढ्ने व्यवस्था गरिएको छ ।

जात्रामा हुलदङ्गा गर्नेको पहिचानका लागि चोकचोकमा सिसी क्यामेरा जडान गरिएको जानकारी दिँदै प्रजिअ ढकालले क्यामेराको फुटेजका आधारमा जात्रापछि पनि नियन्त्रणमा लिई कारबाही गरिने बताउनुभयो । जात्रामा हुलदङ्गा गरी सुरक्षा व्यवस्थामा खलल पुऱ्याउनेलाई पक्राउ गरी प्रचलित कानुनबमोजिम कारबाही गरी विदेश जान नहुने गरी रेकर्ड राखिने बताउनुभयो । *रासस*

# दीक्षान्त समारोह र स्मारिका विमोचन सम्पन्न



काठमाडौं, २७ चैत । जिल्लाको तानपा ७, फुटुङमा अवस्थित महालक्ष्मी इङलिस हाइस्कूलले पूर्वप्राथमिक तहअन्तर्गत यू.के .जी कक्षा पूरा गरेका विद्यार्थीहरूलाई चैत २७ गते दीक्षित गरेको छ ।

विद्यालयका संस्थापक सनकमान महर्जनको अध्यक्षतामा भएको उक्त कार्यक्रममा विद्यालयका प्रिन्सिपल, संयोजकलगायत सम्पूर्ण शिक्षक तथा यू. के. जी. मा अध्ययनरत विद्यार्थी र ती विद्यार्थीका अभिभावकको उपस्थितिमा दीक्षान्त समारोह सम्पन्न भएको हो । दीक्षान्त समारोहकै अवसर पारेर अध्यापनरत शिक्षक, अध्ययनरत विद्यार्थी, अभिभावक तथा विज्ञ व्यक्तिहरूका लेख तथा रचना समावेस गरिएको 'द महालक्ष्मी स्मारिका' छैटौं अङ्क २०८२ पनि विमोचन गरियो ।

विद्यालयका संस्थापक अध्यक्ष सनकमान महर्जनले विद्यालय र अभिभावकले बालबच्चाको शिक्षादीक्षामा समयअनुसार व्यवहार गर्नुपर्ने बताउनुभयो । पहिला स्नातक तह पार गरेपछि मात्र दीक्षान्त गरिन्थ्यो भने अहिले पूर्वप्राथमिक तह पार गरेपछि नै दीक्षान्त गरिने परिपाटी आएको उल्लेख गर्दै उहाँले यस्ता कार्यक्रमले ससाना विद्यार्थीको मनोबल बढाउन सहयोग पुग्ने बताउनुभयो ।

विद्यालयका प्राचार्य विकास डङ्गोलले पूर्वप्राथमिक तह पार गरेर नयाँ जोश र जाँगरका साथ नयाँ कक्षामा भर्ना हुनका लागि तयार रहेका सम्पूर्ण विद्यार्थीलाई बधाई दिनुभयो ।

अभिभावकको तर्फबाट अनिता महर्जनले महालक्ष्मी इङलिस हाइस्कूलले समय अनुकूलको शिक्षा प्रदान गर्दै आएकोले विद्यार्थीले पढाइलगायत अतिरिक्त क्रियाकलापमा उत्कृष्ट नतिजा ल्याएको र विद्यालयप्रति आफू सन्तुष्ट रहेको बताउनुभयो ।

अर्का अभिभावक राकेश महर्जनले पूर्वप्राथमिक तह पार गरी दीक्षित हुन सफल सम्पूर्ण विद्यार्थीलाई बधाई तथा विद्यालय परिवारलाई धन्यवाद व्यक्त गर्नुभयो ।

# सुजन बाग श्रेष्ठले नै जिब्रो छेड्ने



भक्तपुर, २७ चैत । मध्यपुर थिमि नगरपालिका वडा नं ८ बोडेमा जिब्रो छेड्ने आधिकारिक घोषणा गरियो । आगामी वैशाख २ गते सुजन बाग श्रेष्ठले चौथोपटक जिब्रो छेड्ने निश्चित भइसकेको छ । यसको लागि वडा नं. ८ का वडाध्यक्ष रमेश थापा श्रेष्ठको रोहवरमा पमा नायो निवासमा 'दाँ पेदाँ तयेगु' विधिवत कार्य सम्पन्न भयो । शुक्रबारबाट जिब्रो छेड्ने जात्राको आधिकारिक घोषणा र परम्परागत विधि कार्य सुरु भएको हो ।

# हुलाकी राजमार्गका साँघुरा पुललाई चार लेनमा विस्तार गरिँदै

राँझा (बाँके), २७ चैत । नेपालगञ्ज-गुलरिया हुलाकी राजमार्गका साँघुरा पुललाई चार लेनमा विस्तार गरिने भएको छ ।

चार लेनको सडकमा यसअघिको पुल दुई लेनको मात्र भएकाले सडक विस्तारसँगै पुल पनि विस्तार गर्न थालिएको हो । चार लेन सडकअनुसारका पुल निर्माण भएपछि सवारी आवागमनमा थप सहजता हुने हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय नेपालगञ्जका प्रमुख लीलाबहादुर भण्डारीले जानकारी दिनुभयो ।

नेपालगञ्ज-गुलरिया सडकअन्तर्गत बाँकेको खजुरा र जानकी गाउँपालिकाको सीमास्थित किरण नाला र बर्दियाको बढैयाताल गाउँपालिकास्थित चपला नालामा चार लेनको पुल निर्माण सुरु भएको छ ।

किरण नालामा करिब रु. चार करोड ५० लाखको लागतमा पुल निर्माण कार्य सुरु भएको हो । हाल धमाधम जग निर्माणको काम भइरहेको छ । केही वर्षअघि मात्र निर्माण भएको दुई लेन सवारी सञ्चालन हुने पुल साँघुरो भएपछि सोही स्थानमा दुई लेनको अर्को पुल निर्माण सुरु गरिएको छ ।

पुरानो दुई लेनको पुल यथावत् राखेर नयाँ थप दुई लेनको पुल बनाउन लागिएको छ । आगामी असारभित्रै पुल निर्माण सक्नेगरी काम भइरहेको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालयका योजना प्रमुख भण्डारीले जानकारी दिनुभयो ।

यसैगरी, बर्दियाको बढैयाताल गाउँपालिकामा पर्ने चपला नालामा रहेको पुल पनि चार लेनको बनाइने भएको छ । नेपालगञ्ज-गुलरिया हुलाकी राजमार्गअन्तर्गत खजुरा गाउँपालिका-३ स्थित पेडारी नालामा चारलेन पुल निर्माण समयावधि अगावै सम्पन्न भएको छ । *रासस*

## सङ्क्षिप्त समाचार

# पेट्रोलियम पदार्थको पुनः मूल्यवृद्धि

काठमाडौँ, २७ चैत । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य पुनः वृद्धि गरेको छ । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा उतारचढाव भइरहेको उल्लेख गर्दै निगमले मूल्यवृद्धि गरेको हो ।

निगमले बिहीबार १२:०० बजेदेखि लागू हुनेगरी पेट्रोल, डिजेल, मट्टितेल, खाना पकाउने एलपी ग्यास र हवाई इन्धनको मूल्य बढाएको हो । निगम सञ्चालक समितिको बैठकले पेट्रोलमा प्रतिलिटर रु. १७ र डिजेल र मट्टितेलमा प्रतिलिटर रु. २५-२५ का दरले मूल्यवृद्धि गरेको हो ।

यस्तै, खाना पकाउने एलपी ग्यासको मूल्य प्रतिसिलिन्डर रु. एक सयका दरले वृद्धि गरिएको छ । निगमका अनुसार हवाई इन्धन (आन्तरिक) तर्फ प्रतिलिटर रु. छ का दरले वृद्धि गरिएको छ ।

नयाँ मूल्यसूचीअनुसार अब काठमाडौँ उपत्यकामा पेट्रोलको मूल्य प्रतिलिटर रु. दुई सय १९ पुगेको छ । त्यसैगरी डिजेल र मट्टितेल प्रतिलिटर रु. दुई सय सात पुगेको छ । खाना पकाउने एलपी ग्यास प्रतिसिलिन्डर दुई हजार १० पुगेको छ । त्यस्तै हवाई इन्धन (आन्तरिक) तर्फ प्रतिलिटर रु. दुई सय ५७ कायम गरिएको छ ।

सरकारले भन्सार महसुल र पूर्वाधार विकास करमा नाममा उठाइँदै आएको शुल्कमा ५० प्रतिशत छुट दिए पनि घाटा कम नभएपछि मूल्य बढाउनुपरेको दाबी गरेको छ । आजको मूल्यवृद्धिपछि पनि निगमलाई पाक्षिक रूपमा करिब रु. सात अर्ब ८१ करोड घाटा हुने निगमको दाबी छ । ***रासस***

# स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाउन सरकारको निर्देशन

काठमाडौँ, २७ चैत । सरकारले शनिबार र आइतबार लगातार दुई दिन सार्वजनिक बिदा दिने व्यवस्था लागू भएको सन्दर्भमा स्वास्थ्य सेवा प्रवाहलाई निरन्तर र प्रभावकारी बनाउन वैकल्पिक प्रबन्ध गर्न सम्बद्ध निकायलाई निर्देशन दिएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अस्पतालहरूलाई आइतबारको हकमा आफ्नो कार्यबोझ र जनशक्तिका आधारमा बहिरङ्ग सेवा सञ्चालन गर्न निर्देशन दिँदै त्यसो गर्दा कर्मचारीलाई शनिबारबाहेक अर्को एक दिन गरी दुई दिन बिदा दिने व्यवस्था गर्ने र बिदा दिन नसक्ने अवस्थामा सट्टा बिदा दिएर सेवा प्रवाह गर्न निर्देशन दिएको हो ।

प्रादेशिक अस्पताल तथा सातै प्रदेशका स्वास्थ्य विषय हेर्ने मन्त्रालयलाई पनि सोही अनुसार गर्न सङ्घीय स्वास्थ्य मन्त्रालयले अनुरोध गरेको छ । ***रासस***

# लुम्बिनी प्रदेशसभाको १० औँ बैठक बस्दै

घोराही (दाङ), २७ चैत । लुम्बिनी प्रदेशसभाको सातौँ अधिवेशनअन्तर्गत १० औँ बैठक शुक्रबार बिहान ११:०० बजे बस्ने भएको छ ।

प्रदेशसभा सचिवालयका अनुसार बैठकमा समसामयिक विषयमा प्रदेशसभा सदस्यहरूले विशेष समयमा आफ्ना धारणा राख्ने कार्यसूची रहेको छ । त्यसैगरी, उद्योग, पर्यटन तथा यातायातमन्त्री प्रचण्डविक्रम न्यौपानेले 'लुम्बिनी प्रज्ञा-प्रतिष्ठान विधेयक' को सैद्धान्तिक छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिने कार्यसूची रहेको छ ।

यस्तै, मुख्यमन्त्री चेतनारायण आचार्यले 'लुम्बिनी अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न बनेको प्रतिवेदनसहितको विधेयक' माथि छलफल गरियोस् र पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्ने कार्यक्रम रहेको प्रदेशसभा सचिवालयले जनाएको छ । ***रासस***

# 'श्रम स्वीकृति' सम्बन्धी भ्रामक सूचना हटाउन वैदेशिक रोजगार विभागको निर्देशन

काठमाडौँ, २७ चैत । वैदेशिक रोजगार विभागले विभाग आसपास रहेका साइबर सेन्टर र तालिम केन्द्र (इन्स्टिच्युट) बाट 'श्रम स्वीकृति' सम्बन्धी भ्रामक सूचना यही चैत ३० गतेभित्र हटाउन निर्देशन दिएको छ ।

'यहाँ श्रम गरिन्छ', 'श्रम स्वीकृतिसम्बन्धी कार्य गरिन्छ', 'श्रम अनलाइन फारम भरिन्छ' वा अन्य 'श्रम' सम्बन्धी भ्रमपूर्ण सूचानाले वैदेशिक रोजगारीमा जाने सेवाग्राहीलाई भ्रममा पार्ने गरेको भन्दै विभागले ती सूचना तत्काल हटाउन निर्देशन दिएको हो ।

श्रम स्वीकृतिसम्बन्धी वैदेशिक रोजगार विभाग तथा तोकिएका श्रम तथा रोजगार कार्यालयबाट मात्र हुने व्यवस्था रहेको विभागले जनाएको छ । विभागले शुक्रबार सूचना जारी गर्दै उक्त काममा भ्रम सृजना गर्ने गरी हुने खालका लेखन तथा प्रचारप्रसार तत्काल बन्द गर्न आग्रह गरेको छ ।

उक्त सूचनाको बर्खिलाफ गरेमा वैदेशिक रोजगार ऐन, २०६४ तथा अन्य प्रचलित कानुनबमोजिम कारबाही गरिने विभागले जनाएको छ । ***रासस***

# दर्ज्यानी चिह्न प्रदान

काठमाडौँ, २७ चैत । प्रधानसेनापति अशोकराज सिग्देलले हालै बढुवा भएका उपरथीद्वय पदमबहादुर बुढा र पवन खत्रीलाई दर्ज्यानी चिह्न प्रदान गर्नुभएको छ ।

सैनिक मुख्यालयमा शुक्रबार आयोजित कार्यक्रममा उहाँहरूलाई दर्ज्यानी चिह्न प्रदान गरिएको हो । सरकारले उहाँहरूलाई यही चैत २२ गते उपरथीमा बढुवा गरेको हो । ***रासस***



**चैते धानखेती**
गुल्मी । गुल्मीको इस्मा गाउँपालिका-१ स्थित राहले फककाटमा किसानहरूले रोपेका चैते धानखेती । ***तस्बिर :*** *जनार्दन घिमिरे/रासस*

# आर्थिक उपार्जनका लागि कफीखेती अभियान

धुलिखेल, २७ चैत । काभ्रेपलाञ्चोकको डाँडापारिस्थित महाभारत गाउँपालिका-५ घैयाँडाँडाकी देवीमाया तुम्सिङ मगर पाखोबारीमा मकै छर्ने कामसँगै कफीको बोट रोप्नका लागि खाल्डो खन्ने काममा व्यस्त हुनुहुन्छ । उहाँले आफ्ना बारीका पाटाभरि कफीका बिरुवा रोप्न ज्यालामा पाँच जना खेताला लगाएर खाल्डो खनिरहनुभएको छ । अन्य अन्नबाली खेतीभन्दा कफीबाट बढी आम्दानी हुने भएपछि मगरले केही वर्षदेखि कफी खेतीलाई प्राथमिकता दिनुभएको हो ।

मकै खेती गर्दा उत्पादन कम हुने र भएको अन्नबाली जङ्गली जनावर बाँदरले नोक्सान गर्न थालेपछि कफी खेतीतर्फ आकर्षण बढेको उहाँले बताउनुभयो । यस वर्ष मात्रै करिब ८०० खाल्डो खनिसकिएको र अझै खन्ने काम बाँकी रहेको मगरको भनाइ छ ।

यस्तै महाभारत-५ चौडिक भोर्लेनीका हिराबहादुर राना मगरले पनि कफीको बिरुवा रोप्न यस वर्ष करिब तीन रोपनी क्षेत्रफलमा खाल्डो खनिसक्नुभएको छ । धेरै वर्षअघि रोपेका बोटबाट उत्पादन आउन थालेको उहाँले बताउनुभयो । यसअघि काठमाडौँमा व्यवसाय गर्दै आउनुभएका उहाँ विगत दुई वर्षदेखि गाउँमै बसेर कफी खेतीमा लाग्नुभएको हो । अन्य अन्नबालीभन्दा कफीबाट बढी आम्दानी हुने भएकाले यसतर्फ आकर्षित भएको उहाँको भनाइ छ ।

यसैगरी रामकुमार लुङ्गेली मगरले पनि यस वर्ष २०० भन्दा बढी खाल्डो खनिसक्नुभएको छ । उचित स्याहार र सिँचाइको व्यवस्था गर्न सके रोपेको दुई वर्षदेखि नै उत्पादन दिन थाल्ने उहाँले बताउनुभयो । महाभारत गाउँपालिकाका कफी उत्पादन हुने बस्तीमा व्यापारी घर-घरमै कफी खोज्न आउन थालेपछि यहाँका किसान कफी खेतीतर्फ थप आकर्षित भएका छन् ।

वाग्मती प्रदेश सरकार र महाभारत गाउँपालिकाको सहयोगमा कफी खेती प्रवर्द्धन हुँदै आएको छ । महाभारत साना किसान तथा कृषि सहकारी संस्थाका प्रबन्धक चन्द्रकुमार लुङ्गेली मगरका अनुसार प्रदेश सरकारको ६०, गाउँपालिकाको २० र किसानको २० प्रतिशत लागत साझेदारीमा व्यावसायिक कफी खेती भइरहेको छ । गत वर्षदेखि सुरु भएको अभियानअन्तर्गत यस वर्ष ३० हजार कफीका बिरुवा रोप्ने लक्ष्य रहेको उहाँले बताउनुभयो ।

महाभारत-५ का किल्ला, भलडाँडा, भोर्लेनी र चौडिकलगायत बस्तीका किसान बिरुवा रोप्न बारीमा खाल्डो खन्ने क्रममा छन् । महाभारत गाउँपालिकाका अध्यक्ष कान्छालाल जिम्बाका अनुसार वडा नं १, २, ४, ५ र ८ लाई कफी उत्पादन क्षेत्रका रूपमा पहिचान गरिएको छ । विगत करिब चार वर्षदेखि बिरुवा वितरण तथा आवश्यक औजार-उपकरण उपलब्ध गराएर किसानलाई सहयोग गर्दै आएको उहाँले बताउनुभयो ।

पालिकाले वडा नं ५ मा 'एक वडा एक उत्पादन' कार्यक्रम र 'जसले रोप्छ कफीको बोट, उसले पाउँछ रु. २०' कार्यक्रममार्फत किसानलाई प्रोत्साहन गर्दै आएको छ । गत वर्ष ३८ हजार बिरुवा वितरण गरिएकामा यस वर्ष वडा नं ५ लाई कफी हबका रूपमा विकास गर्न करिब ३० हजार बिरुवा वितरण गर्ने योजना रहेको छ । समग्रमा यस वर्ष एक लाख बिरुवा वितरण गर्ने लक्ष्य रहेको अध्यक्ष जिम्बाले जानकारी दिनुभयो । उत्पादन र गुणस्तर राम्रो भएको महाभारत गाउँपालिकामा कफीको बजारीकरण पनि सन्तोषजनक छ । गाउँपालिकाका अनुसार यस वर्ष मात्रै ८० टनभन्दा बढी कफी उत्पादन तथा निर्यात भएको छ । ***रासस***

# दुई सय तेइस जनामा 'सिकलसेल एनिमिया'

दोधारा चाँदनी (कञ्चनपुर), २७ चैत । कञ्चनपुरको लालझाँडी गाउँपालिकाका दुई सय २३ जनामा 'सिकलसेल एनिमिया-थालसेमिया' पहिचान भएको छ ।

जिल्ला स्वास्थ्य कार्यालयले सिकलसेल एनिमिया-थालसेमिया पहिचान तथा निदानका लागि यहाँको लालझाडी गाउँपालिकामा निःशुल्क 'स्क्रिनिङ' स्वास्थ्य शिविर सञ्चालन गरेको थियो । एक सातासम्म सञ्चालन भएको उक्त शिविरमा दुई हजार ६४७ जनाको रगत परिक्षण गरिएको स्वास्थ्य कार्यालयका 'फोकल पर्सन' सिद्धराज भट्टले जानकारी दिनुभयो ।

उहाँका अनुसार एक हजार ७५७ महिला र ८९० पुरुषको रगत परीक्षण गरिएकामा १४८ महिला र ७५ पुरुष गरी २२३ जनामा ट्रेट (वाहक) देखिएको छ । उहाँले भन्नुभयो, "पोजेटिभ देखिएकाहरूको थप पुष्टि परीक्षण ( कन्फरमेसन) का लागि प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला पठाएका छौँ । त्यसको रिपोर्ट आउन केही समय लाग्छ ।"

नेपालका थारू चौधरी समुदायमा यो रोग एउटा प्रमुख जनस्वास्थ्य समस्याका रूपमा रहेको र समयमै यसको रोकथामका उपायहरू अवलम्बन गर्न नसकिए अवस्था झन् भयावह हुनसक्ने भएकाले कञ्चनपुरका थारू चौधरीहरू समुदायको बसोबास उच्च रहेका पालिकामा यो रोगको पहिचान तथा निदानका लागि निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको भट्टले बताउनुभयो ।

उहाँले भन्नुभयो, "सिकलसेल एनिमिया र थालेस्मिया व्यक्तिको जिनसम्बन्धी खराबीका कारणले हुन्छ रोगसँग सम्बन्धित सानो खराबी भएको अवस्थालाई ट्रेट भनिन्छ । केटा मान्छेमा ट्रेट छ र उसको विवाह ट्रेट भएको केटी मान्छेसँग भयो भने त्यसबाट जन्मने २५ प्रतिशत बच्चाहरूमा सिकलसेल रोग भएर जन्मने गर्छन ।" ट्रेट भएको व्यक्तिलाई शारीरिक रूपमा खासै समस्या नदेखिने र समस्या देखिए पनि सामान्य खालको हुने उहाँले बताउनुभयो ।

उहाँका अनुसार सिकलसेल एनिमिया र थालासेमिया वंशाणुगत (आनुवंशिक) रगतसम्बन्धी रोग हुन । वाहक (ट्रेट) देखापरेका व्यक्तिहरूको रगतको अन्तिम चेकजाँच गरी सिकलसेल एनिमिया भए/नभएको पुष्टि गरिन्छ । हेमोग्लोबिनसँग सम्बन्धित खराबीको कारणले हुने समस्याहरू विश्वमा पाँच प्रतिशतभन्दा बढी भएको तथ्याङ्क छ । तीमध्ये सबैभन्दा बढी देखापरेको समस्या सिकलसेल एनिमिया र थालेसिमिया हो । नेपालमा पनि खास गरी थारू चौधरी समुदायमा यो रोगको प्रकोप उच्च रहेको स्वास्थ्य कार्यालयले जनाएको छ । अनुसन्धानमा पश्चिम नेपालका अविवाहित थारू समुदायका महिलाहरूको डिएनए परीक्षण गर्दा १८ प्रतिशत व्यक्तिहरूमा सिकलसेल हेटरोजाइगस ट्रेट रहेको पाइएको थियो ।

सिकलसेल रोग भएमा थकाइ लाग्ने, श्वास फेर्न गाह्रो हुने, छाती, पेट, हातखुट्टाको कुर्कुच्चा दुख्ने, आँखामा समस्या देखापर्ने, ज्वरो आउने, बान्ता हुने, खोकी लाग्ने लक्षण देखापर्ने गर्दछन् । ***रासस***

# ठिनीमा स्याउ चिस्यान गृह निर्माण

मुस्ताङ, २७ चैत । घरपझोङ गाउँपालिका-५ ठिनीमा स्याउ सङ्कलन तथा चिस्यान गृह निर्माण गरिएको छ । सङ्घीय सरकारको विशेष अनुदान कार्यक्रमअन्तर्गत शीतोष्ण फलफूल तथा स्याउ सङ्कलन र भण्डारणका लागि चिस्यान गृह निर्माण गरिएको हो ।

सङ्घीय सरकारद्वारा आर्थिक वर्ष २०८१/८२ का लागि प्राप्त विशेष अनुदानबाट रु. ५९ लाखको लागतमा ३० मेट्रिक टन क्षमताको फलफूल भण्डारण गर्ने चिस्यान गृह निर्माण गरिएको घरपझोङ गाउँपालिकाका इन्जिनियर चक्रबहादुर बमले जानकारी दिनुभयो । ठिनी गाउँमा १० मेट्रिक टन क्षमताका तीन चिस्यान गृह निर्माण गरिएका हुन् ।

घरपझोङ गाउँपालिका-५ का वडाध्यक्ष प्रदीप थकालीका अनुसार ठिनी गाउँमा उत्पादित स्याउ सङ्कलन गरी चिस्यान गृहमा राख्न सहकारीमार्फत प्रस्ताव पेस गरी काम सम्पन्न गरिएको हो । स्थानीय किसानले उत्पादन गरेको स्याउ सङ्कलन गरी चिस्यान गृहमा राखिनेछ ।

मुस्ताङको स्याउ बजारीकरणमा खासै समस्या नभए पनि यहाँ आउने पर्यटकलाई बेमौसममा समेत स्याउको स्वाद चखाउन तथा चिस्यान गृहमा राखिएको ताजा स्याउलाई कोसेलीका रूपमा बिक्री गर्ने उद्देश्यले उक्त संरचना निर्माण गरिएको हो । फल्ने समय बाहेकमा पनि स्याउ ताजा र महँगो मूल्यमा बिक्री गर्न सकिने भएकाले किसानलाई थप लाभ पुग्ने अपेक्षा गरिएको वडाध्यक्ष थकालीले बताउनुभयो ।

यसअघि सिजनमा स्थानीय तथा बाहिरी व्यापारीले स्याउ खरिद गरी सिधै बजार पुर्‍याउने गर्दा सिजनबाहेक अन्य समयमा पर्यटकले स्याउको स्वाद चाख्न पाउँदैनथे । अब चिस्यान गृह निर्माण भएसँगै ठिनी गाउँमा उत्पादित स्याउ बेमौसममा पनि उपलब्ध हुने उहाँको भनाइ छ । चिस्यान गृह निर्माण भएसँगै ठिनी गाउँका करिब १०० किसान प्रत्यक्ष लाभान्वित हुने बताइएको छ । साथै, घरपझोङ गाउँपालिकाले स्याउ सङ्कलन, ग्रेडिङ, प्याकेजिङ र बजारीकरणका लागि आवश्यक पूर्वाधारसमेत निर्माण गरेको छ । ***रासस***

।सम्पादकीय।

# स्वदेशमै काम–मामको बन्दोबस्त होस्

सरकारले गठन गरेको 'संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदल २०८२' ले संविधान कार्यान्वयनको समीक्षा र संशोधनका अन्तरवस्तुका बारेमा छलफल प्रारम्भ गरेको छ । प्रधानमन्त्री बालेन्द्र शाहका प्रमुख राजनीतिक सल्लाहकार असीम साहको संयोजकत्वमा गठित कार्यदलको पहिलो बैठक बसेसँगै संविधान संशोधनबारे छलफल प्रक्रिया अघि बढाइएको हो । संविधान संशोधन समयअनुसार गर्नु आवश्यक छ । तर, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता तथा जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी संविधान संशोधन गर्नु उचित हुँदैन । संविधान संशोधनको संसद्मा भएका राजनीतिक दलमात्र होइन संसद् बाहिर रहेका दलहरूसँग पनि छलफल गर्नुपर्छ या सुझाव माग्नुपर्छ ।

संविधान देश र जनताको निम्ति हो । संविधानलाई सरकारको नेतृत्व गर्ने दलको आवश्यकताअनुसार संशोधन गर्ने होइन न त त्यो संविधान संसद्मा रहेका दलहरूको निम्ति मात्र आवश्यक हो । संविधान लोकाचारको निम्ति देखाउन होइन; लागू गर्न हो । अबको सरकार समाजवादउन्मुख अवधारणाअनुसार अघि बढ्नुपर्छ । समाजवादउन्मुख अवधारणा लागू नगर्नुको अर्थ सरकारले संविधान पालना गरेको छैन भन्ने अर्थ लाग्छ । संविधान संशोधन बहसपत्र कार्यदलले स्थानीय तहमार्फत बजेटको ५० प्रतिशत रकम विकास निर्माणमा लगाउनुपर्छ । स्थानीय तहबाट विकास थालनी भए सन्तुलित विकास हुन्छ । राष्ट्रपति प्रत्यक्ष निर्वाचनबाट बहाल हुने, सांसदहरू मन्त्री बन्न नपाउने, राष्ट्रपतीय शासन व्यवस्था बनाउनेतर्फ कार्यदलको ध्यान जानुपर्छ ।

संविधानमा व्यक्तित्व विकासमा समान अवसरको अधिकार, योग्यताअनुसारको काम र कामअनुसार ज्यालाको सिद्धान्तअनुसार सबै नागरिकलाई रोजगारीको सुनिश्चितता, आधारभूत तहदेखि उच्च माविसम्म अनिवार्य र उच्च शिक्षा निःशुल्क गर्ने कुरा संविधानमा उल्लेख गर्नु आवश्यक छ । यस्तो व्यवस्थाले स्वदेशमै काम-मामको बन्दोबस्त हुन्छ; सबैले काम पाउँछन् र कुनै पनि नेपाली भोकै बस्नुपर्ने छैन । सर्वसाधारणले पनि उच्च शिक्षा हासिल गर्ने मौका पाउँछन् । यसले देशलाई बुद्धिजीवीकरण गर्न सहयोग पुर्‍याउँछ । व्यक्तित्व विकासमा समान अवसर प्रदान गर्न के सहर र के गाउँ, के सुगम र के दुर्गम सबै ठाउँमा आवश्यकताअनुसार विद्यालय, कलेज, अस्पताल आदिको व्यवस्था गर्नुपर्छ । हरेक विद्यालय र कलेजमा आवश्यक शैक्षिक सामग्री, भौतिक पूर्वाधारको व्यवस्था गर्नुपर्छ । गाउँ-गाउँ र बस्ती-बस्तीको विद्यालयमा प्रविधि पुग्नुपर्छ ।

ज्येष्ठ नागरिकको जीवन सुनिश्चित गराउनुपर्छ । उनीहरूको स्वास्थ्य सेवा, यातायात भाडा निःशुल्क हुनुपर्छ । उनीहरूको हेरविचार, पालनपोषण समयमा गर्न र गराउन, कसैलाई पनि खाने लाउनेको समस्या नहोस् भनी आदर निकेतनको व्यवस्था गर्नुपर्छ । किसानहरूको मेहनतको फल पाउन र कृषिमा आत्मनिर्भर बनाउन या खाद्य उत्पादन बढाउन क्रान्तिकारी भूमिसुधार लागू गर्नुपर्छ । नेपाली नागरिकले विदेशमा सम्पत्ति राख्न नपाउने प्रावधान संविधानमा राख्नु आवश्यक छ । समतामूलक समाज निर्माणको निम्ति नेपाली नागरिकको सम्पत्तिको सीमा निर्धारण गर्नुपर्छ । सुत्केरी अगाडि र पछाडि तलब वा ज्यालासहित तीन महिलाको बिदाको बन्दोबस्त गर्नुपर्छ । महिलालाई विदेशमा लगी बेच्ने, जीउ मास्नेहरूमाथि क्षतिपूर्तिसँगै कडाभन्दा कडा सजायको बन्दोबस्त गर्नु आवश्यक छ ।

सर्वोच्च अदालतको प्रधानन्यायाधीश र अन्य न्यायाधीशहरू न्यायाधीशहरूबाटै निर्वाचित गर्ने व्यवस्था गर्नुपर्ने, नेपाली सेनाका सम्बन्धित अधिकृतहरूबाट निर्वाचन गराउने र विश्वविद्यालयका उपकुलपति, रेक्टर, रजिस्ट्रार र महत्त्वपूर्ण पदाधिकारीहरू सम्बन्धित परिषद् वा प्राध्यापकहरूबाटै निर्वाचन गर्ने र गराउने व्यवस्था गरिनुपर्छ । यसरी बन्दोबस्त भएमा हरेक क्षेत्रमा प्रजातान्त्रीकरण हुन्छ । यस्तो बन्दोबस्त भए भागबन्डा र पक्षपात हट्छ । देश र जनताप्रति आस्था बढ्छ । आ-आफ्नो पद या जिम्मेवारीअनुसार कुनै राजनीतिक दबाबबिना काम अघि बढ्छ । यसले देश र जनताकै भलो गर्छ । हरेक ठाउँमा प्रजातान्त्रीकरणको अभ्यास हुन्छ । सबैले इमानदारीपूर्वक काम गर्ने हौसला बढ्छ । यसले जिम्मेवारीबोध हुन्छ । जिम्मेवारीअनुसार काम हुन्छ । काम पक्का हुन्छ । समयमा काम हुन्छ । जनताको विश्वास बढ्छ । अनि आफूले मात्र होइन जनताले पनि सन्तोषको सास फेर्न पाउँछन् । देशका सबै ठाउँ, सबै तहमा यसरी नै जिम्मेवारीपूर्वक र इमानदारीपूर्वक काम भयो भने देश विकास हुन्छ ।

# इरानसँग अमेरिका-इजरायलको युद्धविरामले ल्याउला त दिगो शान्ति ?

✍ **अमिन सैकाल**

इरानसँगको युद्धमा दुई साता लामो युद्धविरामका लागि पाकिस्तानी प्रस्तावलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले स्वीकार गरेपछि अन्तर्राष्ट्रिय समुदायले केही हदसम्म राहतको सास फेरेको छ । केही घण्टाअघिसम्म इरानलाई 'ढुङ्गे युग' मा फर्काउने गरी बमबारी गर्ने र उसको 'सभ्यता' लाई ध्वस्त पार्ने ट्रम्पको धम्कीबाट धेरैजना चिन्तित थिए । ट्रम्पका अनुसार युद्धविरामले 'इरानसँग दीर्घकालीन शान्ति र मध्यपूर्वमा शान्तिसम्बन्धी निश्चित सम्झौता' गर्न ठाउँ प्रदान गर्छ । यद्यपि, अन्तिम समाधानको बाटो जटिल र उथलपुथल हुनेछ, यद्यपि असम्भव भने छैन ।

इरानको शक्तिको न्यून आकलन

६ हप्ता लामो युद्धमा इरानमा अमेरिका-इजरायलको संयुक्त आक्रमण र तेहरानको सशक्त प्रत्याक्रमणदेखि सुरु भएर तीन देशका सेनाले गम्भीर प्रहार मात्र गरेका छैनन् । तेहरानले हर्मुजको जलमार्ग बन्द गरेपछि उक्त क्षेत्र र समग्र विश्व नै ठुलो तेल, तरल ग्यास र मुद्रास्फीति सङ्कटबाट पनि ग्रस्त छ ।

ट्रम्पले यो अपेक्षा गरेको कुरा थिएन । उनले सुरुमा संयुक्त अमेरिकी र इजरायली सैन्य शक्ति द्रुत रूपमा विजयी हुने अनुमान गरेका थिए । यसै वर्षको सुरुमा देशभित्र व्यापक सार्वजनिक विरोध सामना गरेको र प्रदर्शनलाई दबाएको विरोधमा स्वदेश र देशबाहिर ( विशेषगरी अमेरिकामा) कडा आलोचना भएको तेहरानलाई आत्मसमर्पण गर्न बाध्य पार्ने र आफ्नो अनुकूल शासन परिवर्तनका लागि बाटो खोल्ने अमेरिकी राष्ट्रपतिको दाउ थियो । तर, इरानले कडा टक्कर मात्र दिएन, तेलको अन्तर्राष्ट्रिय जलमार्ग हर्मुज बन्द गरेर विश्वव्यापी रूपमा तेलको सङ्कट निम्त्याइदियो ।

इरानी सरकार अपेक्षा गरिएभन्दा बढी कठोर, स्थापित र साधनस्रोत सम्पन्न साबित भयो । सरकारले फारसी खाडी र इजरायलभर अमेरिकी अड्डा र सम्पत्ति प्रहार गर्‍यो । मध्यपूर्वमा अमेरिकी आधार रहेका देशलाई एकपछि अर्को गरेर इरानले निसाना बनायो । अमेरिकी आधारबाहेक त्यहाँका महत्त्वपूर्ण भवनदेखि ऊर्जा प्लान्टमा तेहरानले हमला गर्‍यो ।

यसैबिच, ट्रम्पले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुसँगको आफ्नो संयुक्त युद्ध प्रयासका लागि अमेरिकी सहयोगीबाट सक्रिय समर्थन प्राप्त गर्न सकेनन् । नेतन्याहु गाजामा युद्ध अपराधका लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतद्वारा अभियोग लगाइएका व्यक्तिसमेत हुन् ।

सहयोगीसँग परामर्श गरिएको थिएन । उनीहरूले अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्र सङ्घको बडापत्र विपरीत युद्धमा भाग लिनु आफ्नो व्यक्तिगत राष्ट्रिय हितमा मानेनन् । ट्रम्पका केही सीमित विश्वासपात्रले युद्धबारे राष्ट्रपतिलाई गलत सुझाव दिएका थिए, जसका कारण अमेरिकाले युद्धमा अनपेक्षित क्षति व्यहोर्नुपर्‍यो ।

**युद्धमा अर्बौंको लागत**

यसबाहेक, संयुक्त राज्य अमेरिकाका विश्वव्यापी विरोधी, विशेषगरी रुस र चीन (दुवैले इरानसँग रणनीतिक सहयोग सम्झौता गरेका छन्) ले युद्धको कडा विरोध गरे । उनीहरूले तनाव कम गर्न र थप आर्थिक परिणामबाट बच्ने उपाय अपनाउन विश्वभरका दर्जनौं अन्य देशसँग सहकार्य गरे ।

द्वन्द्व झन् बढ्यो । इरान-समर्थित लेबनानी अर्धसैनिक समूह हिज्बुल्लाहको आक्रमणको प्रतिक्रियामा इजरायलले दक्षिणी लेबनान कब्जा गर्ने अभियान सुरु गर्‍यो । त्यसपछि युद्धको लागत सबै पक्षका लागि बढ्यो । अमेरिकाका लागि मात्र मूल्य प्रतिदिन कम्तीमा एक अर्ब अमेरिकी डलर (१.४ अर्ब अस्ट्रेलियाली डलर) बराबर थियो । यसले लगभग ४० ट्रिलियन अमेरिकी डलर (५६.६ ट्रिलियन अमेरिकी डलर) को सङ्घीय ऋणमा उल्लेखनीय रूपमा बोझ थप्यो ।

परिस्थिति मिसाइल र इन्टरसेप्टरबिचको दौडमा परिणत भयो, यो केवल कसले पहिले प्रहार गर्‍यो भन्ने विषय हो । हालसालै सार्वजनिक गरिएको एक रिपोर्टअनुसार इजरायलमा इन्टरसेप्टरहरूको कमी हुँदै गइरहेको छ र इजरायल रक्षा बल (आइडीएफ) ले जनशक्तिको अभावको सामना गरिरहेको छ ।

**अमेरिकामा अलोकप्रिय युद्ध**

अर्कोतर्फ अमेरिका र इजरायलले आफ्नो नेतृत्वको शिर काटेर हवाई सर्वोच्चता र हजारौं सैन्य र गैरसैन्य लक्ष्यमा बमबारी गरे पनि इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आइआरजिसी) ले निरन्तर प्रतिशोधात्मक क्षमता कायम राख्यो । यसले खाडी र इजरायलका निसानाविरुद्ध दैनिक रूपमा दर्जनौं उन्नत मिसाइल र ड्रोन प्रहार गर्न सफल भयो । पछिल्लो समयमा त तेहरानले अमेरिकी लडाकु जेटलाई खसालिदिएको थियो, जुन २० वर्षपछि त्यस्ता घटना पहिलोपटक भएको थियो ।

अझ महत्त्वपूर्ण विषय संयुक्त राज्य अमेरिकामा युद्ध बढ्दो रूपमा अलोकप्रिय साबित भयो । जनताले यसको प्रभाव बढ्दो जीवनयापन लागत र पेट्रोलपम्पहरूमा महसुस गरेपछि लगभग ६१ प्रतिशत नागरिकले युद्धको विरोध गरे । सार्वजनिक सर्वेक्षणमा ट्रम्पको अनुमोदन दर घट्यो ।

यी परिवर्तनशीलतालाई ध्यानमा राख्दै ट्रम्पले अप्रेसन एपिक फ्युरीलाई इरानजस्तो ठुलो देशलाई मेटाउने स्तरमा बढाउने आफ्नो वाचामा टिक्न सक्दैनथे । इरानी सांस्कृतिक र देशभक्तिपूर्ण विशेषताका साथै देशका धेरै नागरिकको सिया इस्लामप्रतिको समर्पणले बाह्य आक्रमणको विरुद्धमा काम गर्‍यो ।

**युद्धविरामपछिको लामो बाटो**

यसको अर्थ अमेरिका र इरानबिचको स्थायी शान्तिको लागि वार्ता र बृहत् सम्झौता सम्पन्न गर्नु सजिलो हुनेछ भन्ने होइन । तर, ट्रम्पको युद्धविराम स्वीकृतिको एउटा महत्त्वपूर्ण खण्ड (जसले हामीलाई उनको सोचमा अन्तरदृष्टि दिन्छ) यसरी व्याख्या गरिएको छ, हामीले इरानबाट १० बुँदे प्रस्ताव प्राप्त गर्‍यौं ( अमेरिकी १५ बुँदे प्रस्तावको जवाफमा) र हामी विश्वास गर्छौं कि यो वार्ता गर्नका लागि एक व्यावहारिक आधार हो । संयुक्त राज्य अमेरिका र इरानबिच विगतका विवादका लगभग सबै विभिन्न बुँदामा सहमति भएको छ । तर, दुई हप्ताको अवधिले सम्झौतालाई अन्तिम रूप दिन र सम्पन्न गर्न अनुमति दिनेछ ।

दस बुँदामा लेबनानसहित सबै मोर्चामा शत्रुताबाट अलग्गिने कुरा समावेश छ । यद्यपि, इजरायलले लेबनानलाई युद्धविराममा समावेश नगरिएको दाबी गर्दै आएको छ । बुँदाका अन्य केही प्रमुख तत्त्व यसप्रकार छन् :

- अमेरिकाले गैरआक्रमणको सुनिश्चितता गर्न मौलिक रूपमा प्रतिबद्ध हुनुपर्छ
- हर्मुजमाथिको इरानी नियन्त्रणको निरन्तरता
- इरानमाथिको प्राथमिक र माध्यमिक प्रतिबन्ध हटाउने
- इरानले आफ्नो आणविक कार्यक्रम ( शान्तिपूर्ण उद्देश्यका लागि) का लागि युरेनियम समृद्ध गर्न सक्ने अधिकारलाई स्वीकार गर्ने ।

अब ट्रम्पको कर्तव्य हो कि नेतन्याहुलाई लाइनमा ल्याउनु, जसले लामो समयदेखि इरानी सरकारलाई ध्वस्त पार्न मात्र होइन, बरु क्षेत्रीय अभिनेताको रूपमा इरानी राज्यलाई नजरअन्दाज गर्न पनि मिहिनेत गरेका छन् । यदि यो भयो र सबै पक्षले राम्रो विश्वासका साथ वार्ता गरे भने आशावादका लागि पर्याप्त ठाउँ छ । अवश्य पनि हामी सम्भावित रूपमा युद्धपछिको क्षेत्रीय व्यवस्थाको बिहान देख्न सक्छौं ।

*(लेखक अस्ट्रेलियन नेसनल युनिभर्सिटीका अवकाशप्राप्त प्रोफेसर हुन् ।)*

***- 'द कन्भर्सेसन' बाट***

# अमेरिकी वचनप्रति इरानको क्रान्तिकारी गार्डको आशङ्का

✍ **टेलिसुर**



बुधबार इस्लामी क्रान्तिकारी गार्ड कोर (IRGC) ले अमेरिकाले दिएको वचनमा 'अविश्वास' जनाएको छ । युद्धविरामको बेला आक्रमण भएमा आफूले तत्काल जवाफ दिने उसले चेतावनी दिएको छ ।

**अमेरिकासँग वार्ता-टोलीका नेता इरानी सभामुख**

सर्वोच्च नेता आयतोल्लाह सयेद मोजतबा खामेनीको आदेशमा इरानी सैन्य अधिकारीहरू 'शत्रुले गर्ने नयाँ गल्ती' को सामना गर्न तम्तयार छ । अमेरिकी सैन्य अखडा राखेका सम्पूर्ण पश्चिम एसियाका मुलुकहरूलाई क्रान्तिकारी गार्डले सन्देश पनि पठाएको छ ।

सन्देश भन्छ, "अमेरिकाका क्षेत्रीय साझेदारहरूले वासिङ्टन र यहुदीवादी सत्ता (इजरायल) को कमजोरी देखिसकेका छन् । ती देशले यो कुरा ध्यानमा राख्नुपर्छ र उनीहरू दुवैसँग सहकार्य गर्न बन्द गर्नुपर्छ ।"

मङ्गलबार राति इरान र संरा अमेरिकाले दुई-हप्ते युद्धविराममा सहमति गरेका थिए । इरानले राखेको १० बुँदे प्रस्तावलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले स्वीकार गरेपछि त्यो निर्णय भएको थियो । प्रस्तावलाई औपचारिक रूपमा सार्वजनिक गरिएको छैन ।

'अल जजिरा' ले इरानीको सो प्रस्ताव बाहिर ल्याएको छ । प्रस्तावमा निम्न बुँदा छन् -

१. अमेरिकाले आक्रमण नगर्ने पूर्ण प्रतिबद्धता ।
२. इरानको सशस्त्र बलको संयोजनमा हर्मुज नाकाबाट नियन्त्रित आवागमन । अर्थात, यो जल-नाकामा इरानको हक कायम रहनेछ ।
३. इरानको आणविक प्रवर्द्धन कार्यक्रम स्वीकार्य हुने ।
४. इरानविरुद्ध लगाइएका सम्पूर्ण प्राथमिक र तपसिलका आर्थिक प्रतिबन्ध र संकल्पहरू अन्त्य गर्ने ।
५. अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सीमा इरानविरुद्ध पारित गरिएका सम्पूर्ण प्रस्तावहरू अन्त्य गर्ने ।
६. संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्मा इरानविरुद्ध पारित भएका सम्पूर्ण प्रस्तावहरू अन्त्य गर्ने ।
७. यस क्षेत्रमा रहेका सैन्य इलाकाबाट संरा अमेरिकाका सम्पूर्ण सैन्य बल फिर्ता लाने ।
८. युद्धमा इरानले व्यहोरेको सम्पूर्ण क्षतिबापत हर्मुज नाकाबाट जहाज लैजाँदा इरानलाई शुल्कको रूपमा क्षतिपूर्ति तिर्नुपर्ने ।
९. विदेशमा रोक्का गरिएको इरानको सम्पूर्ण धरौटी र सम्पत्ति खुला गर्नुपर्ने ।
१०. माथिका सम्पूर्ण विषयलाई अनुमोदन गर्ने गरी संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को बाध्यकारी प्रस्तावमा समावेश गर्नुपर्ने ।

***(स्रोत : एमआर अनलाइन ।)***

# पतनको मार्गमा अमेरिकी साम्राज्य - २

● प्रोफेसर रिचर्ड वुल्फ

*(विश्व चर्चित अर्थशास्त्री प्रोफेसर रिचर्ड वुल्फसँग अलजजिराले लिएको यो अन्तर्वार्ताले वर्तमान भू-राजनीतिक द्वन्द्व र यसले विश्व अर्थतन्त्रमा पारेको गहिरो प्रभावलाई सूक्ष्म रूपमा केलाएको छ । विशेष गरी अमेरिका, इजरायल र इरानबिचको तनावले कसरी इन्धनको मूल्य वृद्धि, मलको अभाव र खाद्यान्न सङ्कट निम्त्याउँदै सामान्य मानिसको भान्छासम्म असर पुऱ्याउँछ भन्ने तथ्यलाई यसले उजागर गर्दछ । विगत सात दशकदेखि विश्व राजनीति र अर्थतन्त्रमा हावी रहेको अमेरिकी साम्राज्य अहिले आन्तरिक ऋण र वित्तीय असन्तुलनका कारण पतनको मार्गमा रहेको वस्तुपरक विश्लेषण यस अन्तर्वार्तामा अर्थशास्त्री वुल्फले गरेका छन् । यसै सन्दर्भमा, अमेरिकाको एकछत्र प्रभाव घट्दै जाँदा चीन, रुस र भारतजस्ता उदीयमान शक्तिहरू र 'ब्रिक्स' (BRICS) को बढ्दो सान्दर्भिकताले नयाँ विश्व व्यवस्थाको सङ्केत गरेको छ । सैन्य औद्योगिक कम्प्लेक्सको मुनाफाको खेल र राजनीतिक नेतृत्वले जनताको ध्यान मोड्न प्रयोग गर्ने युद्धको रणनीतिका बिच यो सामग्रीले 'बाँच र बाँच्न देऊ' को सिद्धान्तमा आधारित बहुध्रुवीय विश्वको आवश्यकतालाई जोड दिन्छ भन्ने कुराको बोध अन्तर्वार्ता पढ्दा हुन्छ । विश्व राजनीतिका जटिल रणनीति र तिनले नागरिक जीवनमा पार्ने प्रभाव बुझ्न चाहनेका लागि यो अन्तर्वार्ता एक पठनीय दस्तावेज हो ।)*

**फेरि पनि अन्तिम कुरा अर्थतन्त्र हो ।**

म संयुक्त राज्य अमेरिकामा अर्थशास्त्रको प्राध्यापक हुँ । म यहाँ जन्मेको हुँ र जीवनभर यहीँ बसेको छु । हामी अहिले मेरो जीवनकालकै सबैभन्दा असमान अर्थतन्त्रमा छौँ । धनी र सर्वसाधारण बिचको खाडलको स्तर अब थेग्न नसकिने छ । विशेषगरी हाम्रो जस्तो देशमा, जसले पहिले सबैजना मध्यमवर्गमा छन् भनेर गर्व गर्थ्यो । अहिले त्यो मध्यमवर्ग हराएको छ । उनीहरूको ठुलो हिस्सा तल्लो तहमा झरेको छ । उनीहरू आफ्नो आर्थिक अवस्था र आफ्ना बच्चाहरूको आर्थिक भविष्यलाई लिएर धेरै चिन्तित छन् । यो यथास्थितिको विरुद्धमा गइरहेको छ । उदाहरणका लागि, यो एउटा यस्तो कुरा हो जसबाट ट्रम्पले जनताको ध्यान भड्काउनैपर्छ अन्यथा उनी नोभेम्बरको चुनावमा ऐतिहासिक रेकर्ड तोड्ने गरी पराजित हुनेछन् ।

**अलजजिरा : त्यसोभए हामीले यस युद्धको यहाँ अमेरिका र संसारभरका सर्वसाधारण मानिसहरूमा पर्ने प्रतिकूल प्रभावहरूको बारेमा कुरा गर्‍यौँ । मलाई के जान्न मन छ भने द्वन्द्वबाट पैसा कमाउने मानिसहरू अझ धेरै छन् । युद्धले संसारभरका केही मानिसहरूलाई धनी बनाउँछ । हामीलाई यो बिन्दुमा पुऱ्याउन सैन्य औद्योगिक कम्प्लेक्सले कस्तो भूमिका खेल्छ ?**

**वुल्फ :** उनीहरूले आफ्नो लागि सधैँको जस्तै भूमिका खेले र तपाईं एकदम सही हुनुहुन्छ । उनीहरूका लागि यो बैङ्कमा जम्मा हुने पैसाजस्तै हो । उदाहरणका लागि, संयुक्त राज्य अमेरिकाको यो एउटा धेरै शास्त्रीय कथा हो । तपाईंले इतिहासमा यस्तो धेरै पटक देख्न सक्नुहुन्छ । कृपया मलाई याद दिलाउन दिनुहोस्, संयुक्त राज्य अमेरिका सन् २०२२ को सुरुदेखि नै युक्रेन युद्धमा गहिरो रूपमा संलग्न छ । चार वर्ष भइसक्यो र यो अझै जारी छ, जसमा युक्रेनी पक्षले प्रयोग गरेका हातहतियारहरूको ठुलो हिस्सा अमेरिकी नै हो । अहिले हामी इरानमा एउटा ठुलो लडाइँ लडिरहेका छौँ ।

पहिले हाम्रा जहाजहरू र हाम्रो नौसेना क्यारिबियनमा भेनेजुयला र क्युवालाई धम्काउन तैनाथ हुनुभन्दाअघि नै बन्दुक, गोली, पनडुब्बी, मिसाइल र ड्रोनहरूको भण्डार सबै सकिँदैछ । र तपाईंलाई थाहा छ यसको अर्थ के हो ? यी चीजहरू उत्पादन गर्ने कम्पनीहरूलाई ठुलो ठेक्का मिल्नु हो ताकि पछिल्लो साढे चार वर्षमा र पहिलेको तुलनामा अहिले अझ तीव्रगतिमा प्रयोग भएका सामग्रीहरू पुनः भर्न सकियोस्, किनकि हामी अहिले पनि युक्रेनमा र इरानमा अमेरिकी हतियारहरूसँगै लडिरहेका छौँ । हातहतियारको भण्डार असीमित छैन र संयुक्त राज्य अमेरिकामा यसलाई पुनः भर्ने क्षमता धेरै घटेको छ । किनभने, अमेरिकी पुँजीपतिहरूले आफ्नो उत्पादन ब्राजिल, भारत र चीनमा सारेका छन् जहाँ श्रम सस्तो छ र नाफा बढी छ ।




विडम्बना यही छ । जुन नाफा प्रणालीले संयुक्त राज्य अमेरिकालाई नम्बर एक बनायो, त्यही नाफा प्रणालीले अहिले त्यो फाइदा अन्यत्र हस्तान्तरण गरिरहेको छ । यो संयुक्त राज्य अमेरिकाको समस्या हो ।

ट्रम्पलाई ध्यान भड्काउनु आवश्यक छ । त्यसैले उनी किन सधैँ टेलिभिजनमा हुन्छन्, किन उनी रातभर ट्वीट लेख्छन्, किन उनी सधैँ चर्चाको केन्द्रमा रहन चाहन्छन् भन्ने सोच्नु हुन्छ भने कारण यही हो । उनले आफूलाई असाधारण देखाउनुपर्छ किनभने उनले आफूले विरासतमा पाएको भन्दा पनि खराब समस्याहरू आफ्नै लागि सिर्जना गरेका छन् ।

**अलजजिरा : तपाईँले विश्वमा अमेरिकाको घट्दो भूमिका र कदको बारेमा कुरा गर्नुभयो । मलाई लाग्छ कि हामी यसको बारेमा केही बेर कुरा गर्न सक्छौँ । उनले, अर्थात् ट्रम्पले, इरान युद्धका कारण बढेको मूल्य नियन्त्रण गर्न रुसी तेलमाथिको प्रतिबन्ध अस्थायी रूपमा खुकुलो पारेका छन् । तपाईंले यसलाई साम्राज्य पतनको एउटा साझा विशेषता भन्नुभएको छ, जहाँ एउटा समस्या सुल्झाउन अर्कोलाई झन् खराब बनाइन्छ । के तपाईं यसलाई विस्तृत रूपमा व्याख्या गर्न सक्नुहुन्छ ? अहिले अमेरिकाले कस्तो समस्या सिर्जना गरिरहेको छ ?**

**वुल्फ :** खैर, यहाँ समस्या यस्तो छ । यो मेरो लागि एक प्राध्यापकको रूपमा सुनाउन एउटा अद्‌भूत कथा हो । यो सिकाउने एउटा तरिका हो । ठीक छ, उनीसँग एउटा युद्ध छ । उनले या त बुझेनन् वा राम्ररी बुझ्न सकेनन् कि इरानमाथि त्यसरी नै आक्रमण भयो भने, इरानले गर्न सक्ने केही कुराहरूमध्ये एउटा स्ट्रेट अफ हर्मुज बन्द गर्नु हुनेछ । त्यसले त्यही बाटो भएर जाने संसारको २० प्रतिशत तेलको ढुवानी रोक्नेछ । इरानले त्यसो गऱ्यो भने तेलको मूल्य बढ्नेछ र त्यसले अमेरिकीहरूलाई असर गर्नेछ । अमेरिकीहरू संसारकै सबैभन्दा बढी सवारी साधन प्रयोग गर्ने संस्कृति भएका मानिस हुन् । हरेक अमेरिकासँग एक, दुई वा तीनवटा कार हुन्छन् । हाम्रा सहरहरू कार हुनैपर्ने गरी बनाइएका छन् । हाम्रो सार्वजनिक यातायातमा कम लगानी गरिएको छ । त्यसैले कारले धेरै तेल र ग्यास खपत गर्छ र यसको अर्थ अमेरिकीहरू तेल र ग्यासको मूल्यप्रति धेरै संवेदनशील छन् किनभने यसले उनीहरूसँग कति पैसा रहन्छ भन्ने कुरामा असर पार्छ ।

अचानक उनले पत्ता लगाए कि युद्धमा जाने उनको नीतिले स्ट्रेट अफ हर्मुज बन्द गरिदियो, जसले तेलको मूल्य बढायो, ग्यासको मूल्य बढायो र डिजेलको मूल्य पनि बढायो, जसले गर्दा अब अन्य सबै कुराको मूल्य बढ्छ । उनले आफ्ना जनतालाई मुद्रास्फीति दिइरहेका छन्, जबकि उनले चुनाव लड्दा त्यसो नगर्ने र मूल्य घटाउने बाचा गरेका थिए । उनले त्यो गरेका छैनन् र अहिले मूल्य झन् बढ्न लागेको छ । अब उनले के गर्नेछन् ?

अब यहाँ साम्राज्यको विडम्बना आउँछ । उनले आफूलाई वा उनका सल्लाहकारहरूले सोध्छन् कि तेल र ग्यासको मूल्य घटाउन हामी के गर्न सक्छौँ ? रुस संसारकै सबैभन्दा ठुलो तेल निर्यातकर्ता हो । तपाईंले उनीहरूलाई वर्षौंदेखि प्रतिबन्ध लगाएर तेल बेच्न धेरै गाऱ्हो र महँगो बनाइरहनुभएको थियो । अहिले उनीहरूले भारत र विशेषगरी चीनमा तेल बेचेर आफूलाई अनुकूल बनाइसकेका छन् किनभने संयुक्त राज्य अमेरिकाले त्यसलाई राम्रोसँग नियन्त्रण गर्न सक्दैन । तर, यहाँका ट्रेजरी सेक्रेटरी बेसेन्टले ट्रम्पलाई भने कि रुसीहरूलाई केही समयका लागि प्रतिबन्ध खुकुलो किन नपारिदिने ?

अहिले रुसमाथि प्रतिबन्धहरू यसकारण लगाइएका थिए किनभने सैन्य रूपमा युक्रेनीहरूले रुसीहरूलाई हराउन सक्दैनन् । यी दुई सेनाको बारेमा अलिकति मात्र जानकारी राख्ने जोकोहीलाई पनि यो थाहा छ । त्यसैले जब उनीहरूले सैन्य रूपमा जित्न सकेनन्, उनीहरूले रुसमाथि र खासगरी तेल र ग्यासमा प्रतिबन्ध लगाए । त्यसैले ट्रम्पले इरानको युद्धलाई सम्बोधन गर्न रुसीहरूलाई कुनै रोकतोकबिना तेल बेच्न दिए । यसले के गर्छ त ? तेलको मूल्य निकै माथि छ । यो अझ माथि जान सक्थ्यो, तर अहिले रुसीहरूले जतातत‌ै बेचिरहेका छन् । यसले के गर्छ ? यसले रुसीहरूलाई पहिलेभन्दा धेरै पैसा कमाउन सक्षम बनाउँछ, जसले गर्दा उनीहरूले युक्रेनमा युद्ध अझ सुलभ रूपमा जारी राख्न सक्छन् । तर, यो अझ खराब छ । उनले अहिले इरानमाथिको प्रतिबन्ध पनि हटाएका छन् । संयुक्त राज्य अमेरिकाले इरानलाई प्रतिबन्ध लगाएर विश्वका धेरै भागमा तेल बेच्न रोकेको थियो । अहिले त्यो पनि कम गरिएको छ ।

म तपाईंलाई यो कुरा स्पष्ट पार्न चाहन्छु । संयुक्त राज्य अमेरिका इरानसँग युद्धमा छ र त्यो युद्धलाई अगाडि बढाउन उनीहरूले भर्खरै इरानमाथिको प्रतिबन्ध हटाएका छन् ताकि उसले आफ्नो तेल अझ सजिलै बेच्न सकोस् । अहिले तेलको मूल्य उच्च भएकोले इरानीहरूले ठुलो अतिरिक्त राजस्वको आनन्द लिइरहेका छन् । अर्को शब्दमा भन्नुपर्दा, ट्रम्पले आफूप्रतिको इरानको विरोधलाई नै आर्थिक सहयोग गर्न मद्दत गरिरहनुभएको छ । जब तपाईं यस्ता विरोधाभासहरूमा फस्नुहुन्छ, तब तपाईंको दिमागले तपाईंलाई भन्नुपर्छ कि अब खेल खत्तम भयो । हामीले अहिले जे गरिरहेका छौँ, त्यो आफ्नै खुट्टामा बन्चरो हानेर आफैलाई मद्दत गर्न खोज्नुजस्तै हो र यसले काम गर्दैन ।

**अलजजिरा : तपाईंले भर्खरै केही देशहरूको उल्लेख गर्नुभयो, विशेषगरी 'ग्लोबल साउथ' का ती देशहरू जसले संयुक्त राज्य अमेरिकालाई उछिनिरहेका छन् । चीन अर्को एउटा प्रमुख शक्ति हो जुन यस युद्धबाट प्रभावित भएको छ । स्ट्रेट अफ हर्मुज भएर जाने तेलको यो सबैभन्दा ठुलो उपभोक्ता हो । यस युद्धको चीनमा के प्रभाव पर्नेछ ? पेइचिङले के गर्नेछ ?**

**वुल्फ :** पेइचिङ एउटा फरक प्रकृतिको शक्ति हो । पेइचिङले दशकौँदेखि यो सबै कहाँ जाँदै छ भन्ने कुरा बुझेको छ, छलफल गरेको छ र त्यसको पूर्वानुमान गर्दै कदमहरू चालेको छ । चिनियाँहरूलाई हामी बाँकी मानिसहरूलाई भन्दा पहिले नै यो थाहा थियो । हामीलाई बुझ्न केही समय लाग्यो । उनीहरूले आफ्नो अर्थतन्त्रलाई कसरी छिटो बढाउने भन्ने कुरा पत्ता लगाइसकेका छन् । म तपाईंलाई एउटा तथ्याङ्क दिन्छु । पछिल्लो ३५ वर्षदेखि जनवादी गणतन्त्र चीनको कुल गार्हस्थय उत्पादन (जीडीपी) प्रतिवर्ष औसत ६ देखि ९ प्रतिशतले बढेको छ । पछिल्ला दुई वर्षबाहेक, जब यो ५ प्रतिशतको स्तरमा झरेको थियो, यो वर्षौंदेखि निरन्तर बढिरहेको छ ।

त्यही ३५ वर्षको अवधिमा संयुक्त राज्य अमेरिकाको जीडीपी प्रतिवर्ष २ देखि २.५ प्रतिशतको बिचमा मात्र बढ्यो । तपाईंले बुझ्नुभयो ? चीन तीन गुणा छिटो बढ्यो । अब यदि तपाईंले यो केही वर्षसम्म गर्न सक्नुभयो भने त्यो असाधारण हुन्छ । तपाईंले ३५ वर्षसम्म यसो गर्न सक्नुभयो भने यो नसुनेको स्तरमा पुग्छ । चिनियाँहरूलाई थाहा थियो कि उनीहरूले के पत्ता लगाएका छन् । उनीहरूको राज्यको संयोजन, जहाँ आधा सरकार राज्यको स्वामित्वमा रहेका र सञ्चालित उद्यमहरू हुन् भने अर्थतन्त्रको आधा हिस्सा पश्चिममा जस्तै निजी पुँजीवादी उद्यमहरू हुन् । एक शक्तिशाली राज्यद्वारा नियन्त्रित त्यो संयोजन यसरी बढ्न सक्षम छ । संयुक्त राज्य अमेरिका र संयुक्त अधिराज्य त्यसो गर्न सक्षम छैनन् । चिनियाँहरूलाई यो थाहा थियो र उनीहरूलाई यो पनि थाहा थियो कि उनीहरूले संयुक्त राज्य अमेरिकालाई भेट्टाउन र प्रतिस्थापन गर्न सक्छन् । यो कुरा यसै दशकमा हुन लागेको छ ।

त्यसैले उनीहरू यो बुझ्न पर्याप्त चतुर थिए कि संयुक्त राज्य अमेरिकालाई आफ्नो प्रभुत्वशाली स्थिति छोड्न धेरै कठिन समय हुनेछ । चिनियाँहरूलाई यो कसरी थाहा भयो ? खैर, उनीहरूका आफ्नै साम्राज्यहरू थिए जसले उनीहरूलाई यो सिकाए । उनीहरूले अरू हरेक साम्राज्यलाई हेरेका छन्, चाहे त्यो बेलायती होस्, फ्रान्सेली होस्, फारसी होस्, ग्रीक होस् वा रोमन, यसले केही फरक पार्दैन । यस सन्दर्भमा ती सबै उस्तै छन् । त्यसैले विश्व अर्थतन्त्रमा भइरहेको ठुलो परिवर्तनलाई समायोजन गर्न पश्चिम र विशेषगरी अमेरिकीहरूलाई हुने कठिनाइबाट आफूहरू नष्ट नहुने कुरा सुनिश्चित गर्न उनीहरूले कदम चालेका छन् । उदाहरणका लागि, उनीहरू सौर्य प्रविधिमा विश्वका नेता हुन् । त्यसै कारणले गर्दा उनीहरू तेलमा धेरै कम निर्भर छन् ।

यसले के सम्भव बनाउँछ भन्ने एउटा उदाहरण दिन्छु । संयुक्त राज्य अमेरिकाले क्युवालाई बिजुली उत्पादन गर्न आवश्यक पर्ने तेल खोसेर उसलाई भोकमरीमा पार्ने प्रयास गरिरहेको छ । चिनियाँहरूले के गरे त ? चिनियाँहरूले, प्रसङ्गवश म बोलिरहँदा क्युवा जाँदै गरेको चिनियाँ मालवाहक जहाजहरूको एउटा समूहले क्युवामा सोलार प्यानलहरू लैजाँदै छ । किन ? किनभने क्युवा क्यारिबियनको बिचमा छ । त्यहाँ लगभग सधैँ घाम लाग्छ र उनीहरूलाई त्यही चाहिएको हो ताकि उनीहरू तेलमा निर्भर हुनु नपरोस् जुन त्यस टापुसँग छैन । खैर, चीनले जे गर्न सिकेको छ र जे गर्नमा लगानी गरेको छ, त्यही गरिरहेको छ । उसँग जमिनमुनि तेलको सबैभन्दा ठुलो भण्डारहरूमध्ये एक पनि छ, त्यसैले उनीहरू निर्भर छैनन् । त्यसपछि उनीहरूले रुससँगको गठबन्धनलाई धेरै सावधानीपूर्वक विकसित गरेका छन् । रुस विश्वमा तेल र ग्यासको सबैभन्दा ठुलो भण्डार हो । चिनियाँहरू सुसज्जित छन् । पश्चिमले गर्न सक्ने केही छैन ।

संयुक्त राज्य अमेरिकाका नेताहरूबिचको छटपटी ठ्याक्कै त्यही समस्या हो । उनीहरूलाई त्यसरी नै माथ दिइँदै छ जसरी १९ औँ शताब्दीमा लन्डनमा बेलायतीहरूले आफ्नो टाउको चिलाउँदै सोचेका थिए कि कसरी संयुक्त राज्य अमेरिकाको यो सानो भूतपूर्व उपनिवेशले महान् बेलायती साम्राज्यलाई माथ दियो र अन्ततः त्यसलाई प्रतिस्थापन गऱ्यो । म एकदम पक्का छु कि पेइचिङमा पनि यस्तै प्रकारको सोचाइ चलिरहेको छ ।

***समाप्त***

***- 'लजजिरा / दायित्वबोधबाट***



युद्धविरामको उल्लङ्घन गर्दै इजरायली सेनाले लेबनानको राजधानी बेरुतको तालेट अल खायात नगरमा गरेको हवाई मिसाइल हमलापछि पीडितहरूको उद्धार गर्न जुटेका उद्धारकर्मीहरू अप्रिल १०, २०२६ का दिन । *तस्बिर : एएफपी*

# अमेरिका–इरान वार्ता अन्योलमा

इस्लामाबाद, २७ चैत (एएफपी) । अमेरिका र इरानबिच पाकिस्तानमा हुने भनिएको उच्चस्तरीय वार्ता सुरु नहुँदै अनिश्चिततामा फसेपछि युद्धविरामको भविष्यप्रति नयाँ चिन्ता थपेको छ । वार्ताकारहरूको आगमनबारे कुनै स्पष्ट घोषणा नभएको अवस्थामा दुवै पक्षले एकअर्कामाथि आरोप लगाउँदै परिस्थितिलाई थप जटिल बनाएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले रणनीतिक महत्त्व बोकेको स्ट्रेट अफ होर्मुज पुनः सञ्चालनमा ल्याउने सहमति उल्लङ्घन गरेको आरोप लगाउनुभएको छ । उता, तेहरानले भने लेबनानमा भइरहेको इजरायली आक्रमणप्रति तीव्र असन्तुष्टि जनाउँदै त्यसलाई पनि युद्धविराम सम्झौताभित्र पर्ने विषय भएको दाबी गरेको छ, जसलाई वासिङ्टनले अस्वीकार गर्दै आएको छ ।

यी तनावका बाबजुद पाकिस्तानले वार्ताको तयारीलाई अघि बढाइरहेको छ । आधिकारिक स्रोतहरूका अनुसार प्रस्तावित छलफलमा इरानको आणविक कार्यक्रम, क्षेत्रीय सुरक्षा र जलडमरूमार्फत हुने अन्तर्राष्ट्रिय व्यापारको स्वतन्त्र प्रवाहजस्ता संवेदनशील विषयहरू समेटिने अपेक्षा गरिएको थियो ।

तर इरानले आफ्नो सहभागिता सःशर्त बनाएको सङ्केत दिएको छ । इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले लेबनानमा इजरायली आक्रमण नरोकिए वार्ता निरर्थक हुने चेतावनी दिनुभयो । उहाँले अमेरिका आफ्ना युद्धविरामसम्बन्धी प्रतिबद्धताहरू विशेषगरी लेबनानको सन्दर्भमा कार्यान्वयन गर्न तयार हुनुपर्ने बताउनुभयो । इरानी अधिकारीहरूले त इजरायली आक्रमण जारी रहेसम्म इस्लामाबादमा हुने वार्तालाई 'अर्थहीन' ठहर गरेका छन् ।

यद्यपि, इरानको रिभोलुसनरी गार्ड्सले आफूहरू युद्धविरामप्रति प्रतिबद्ध रहेको र कुनै पनि देशमा द्वन्द्व सुरु नगरेको दाबी गरेको छ । यसले औपचारिक भनाइ र व्यवहारबिचको दूरीलाई उजागर गरेको छ ।

सामाजिक सञ्जालमार्फत व्यक्त विचारहरू पनि तनाव बढाउने खालका देखिएका छन् । ट्रम्पले इरानले होर्मुज जलडमरू हुँदै तेल ढुवानीमा अवरोध सिर्जना गरेर 'धेरै खराब काम' गरेको आरोप लगाउँदै युद्धविराम उल्लङ्घन भएको बताउनुभयो । विश्वको करिब पाँचौँ भाग तेल र ठूलो परिमाणमा ग्यास तथा मल यही मार्गबाट प्रवाह भएकाले यसको प्रभाव विश्व अर्थतन्त्रमा प्रत्यक्ष पर्ने गर्दछ । युद्धविराम घोषणा भएयता त्यहाँबाट सीमित मात्रामा जहाज आवतजावत भएको जनाइएको छ ।

दुई हप्ते युद्धविराममार्फत हजारौँको ज्यान लिएको द्वन्द्व अन्त्य गर्दै वार्ताको ढोका खोल्ने प्रयास गरिएको थियो । तर वर्तमान अन्योलले फेरि हिंसा चर्किने डर बढाएको छ । तेहरानकी एक स्थानीय बासिन्दाले आफू युद्ध पुनः सुरु हुने र वर्तमान शासन दुवैबाट त्रसित रहेको प्रतिक्रिया दिएकी छन् ।

पाकिस्तानका लागि इरानका राजदूतले आफ्नो प्रतिनिधिमण्डल आगमनसम्बन्धी सामाजिक सञ्जाल पोस्ट हटाउनुभएपछि वार्ताको तयारीमा थप अन्योल देखियो । यद्यपि अमेरिकी उपराष्ट्रपति जेडी भान्सको नेतृत्वमा प्रतिनिधिमण्डल शनिबार आउने बताइएको छ । प्रतिनिधिमण्डलमा विशेष दूत स्टिभ विटकफ र जारेड कुशनर पनि सहभागी हुने जनाइएको छ ।

यसैबिच पाकिस्तानका रक्षामन्त्री ख्वाजा आसिफले लेबनानमा इजरायली आक्रमणको कडा आलोचना गर्दै सामाजिक सञ्जालमा विवादास्पद अभिव्यक्ति दिनुभएको थियो । उक्त अभिव्यक्तिलाई केही घण्टामै हटाइएको थियो । उक्त अभिव्यक्तिले पाकिस्तानको तटस्थ मध्यस्थकर्ताको भूमिकामाथि प्रश्न उठाएको भन्दै इजरायलले असन्तुष्टि जनाएको छ ।

पाकिस्तानले इजरायललाई औपचारिक मान्यता नदिएको अवस्थाले पनि मध्यस्थताको विश्वसनीयतामा चुनौती थपेको देखिन्छ । उता इरानले लेबनानलाई पनि युद्धविराम सम्झौताभित्र समावेश गर्नुपर्नेमा जोड दिँदै आएको छ ।

अर्कोतर्फ, क्षेत्रीय सुरक्षा अवस्था थप नाजुक बन्दै गएको छ । शुक्रबार बिहान इजरायलका विभिन्न स्थानहरूमा हवाई आक्रमणको साइरन बजेको छ भने हिजबुल्लाहले इजरायलमाथि ड्रोन र रकेट आक्रमण गरेको जनाएको छ । युद्धविराम लागू भएको ४८ घण्टा नबित्दै इजरायलले लेबनानमा गरेको आक्रमणमा ३०० भन्दा बढी मानिसको ज्यान गएको थियो ।

ट्रम्पले इजरायलले आफ्नो आक्रमण 'कम गरिरहेको' दाबी गर्दै प्रधानमन्त्री बेन्जामिन नेतान्याहुबाट संयम अपनाइने आश्वासन पाएको बताउनुभयो । यद्यपि पश्चिमी कूटनीतिज्ञहरूका अनुसार युरोपेली तथा खाडी राष्ट्रहरूले इजरायलमाथि थप आक्रमण नगर्न दबाब बढाइरहेका छन् ।

यसबिच वासिङ्टनले लेबनानसम्बन्धी मुद्दा छुट्टै वार्तामार्फत समाधान गर्ने सङ्केत दिएको छ । अमेरिकी विदेश मन्त्रालयका एक अधिकारीले अर्को हप्ता यस विषयमा बैठक हुने जानकारी दिएका छन् । यद्यपि सम्बन्धित पक्षहरूले औपचारिक पुष्टि गरेका छैनन् ।

समग्रमा, इस्लामाबादमा हुने भनिएको अमेरिका-इरान वार्ता केवल द्विपक्षीय संवाद मात्र नभई मध्यपूर्वको व्यापक शक्ति सन्तुलन र युद्धविरामको भविष्यसँग गाँसिएको संवेदनशील कडी बनेको छ । अहिलेको आरोप-प्रत्यारोप र क्षेत्रीय तनावले वार्ताको सफलतामाथि गम्भीर प्रश्न उठाएको छ ।

## विश्व सङ्क्षेप

### चीनद्वारा नयाँ इन्टरनेट उपग्रह समूह प्रक्षेपण

ताइयुआन, १० अप्रिल (सिन्हवा) । चीनले अन्तरिक्ष क्षेत्रमा आफ्नो प्रगतिलाई निरन्तरता दिँदै नयाँ इन्टरनेट उपग्रहहरूको समूह सफलतापूर्वक प्रक्षेपण गरेको छ । उत्तर चीनको शान्सी प्रान्तस्थित ताइयुआन उपग्रह प्रक्षेपण केन्द्रबाट बिहीबार बिहान यो प्रक्षेपण सम्पन्न गरिएको हो । यस क्रममा परिमार्जित 'लङ मार्च-६' वाहक रकेटमार्फत उपग्रह समूह अन्तरिक्षतर्फ पठाइएको थियो । बिहान ३ बजेर ३८ मिनेटमा गरिएको प्रक्षेपणपछि ती उपग्रहहरू सफलतापूर्वक आफ्नो निर्धारित कक्षमा प्रवेश गरेका छन् । यो समूह कम कक्षामा रहने इन्टरनेट उपग्रहहरूको २१ औँ समूह भएको बताइएको छ ।

यी उपग्रहहरूको मुख्य उद्देश्य विश्वभर इन्टरनेट सेवा विस्तार गर्नु रहेको छ, विशेषगरी दुर्गम तथा पहुँचभन्दा बाहिर रहेका क्षेत्रमा सञ्चार सुविधा पुऱ्याउने लक्ष्य राखिएको छ । यसले डिजिटल पहुँच बढाउने र प्रविधिमा आधारित सेवाहरू विस्तार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

उक्त प्रक्षेपण 'लङ मार्च' शृङ्खलाका रकेटहरूको ६३७ औँ उडान अभियान पनि हो, जसले चीनको अन्तरिक्ष कार्यक्रम निरन्तर रूपमा अगाडि बढिरहेको सङ्केत गर्दछ । चीनले पछिल्ला वर्षहरूमा अन्तरिक्ष प्रविधिमा तीव्र प्रगति गर्दै उपग्रह प्रक्षेपण, अन्तरिक्ष अनुसन्धान र सञ्चार क्षेत्रमा आफ्नो प्रभाव विस्तार गरिरहेको छ । यो उपलब्धिले चीनको अन्तरिक्ष क्षमता थप सुदृढ बनाउनुका साथै विश्वव्यापी इन्टरनेट सञ्जाल विस्तारमा नयाँ योगदान दिने अपेक्षा गरिएको छ ।

### घानाको उत्तर क्षेत्रमा डुङ्गा दुर्घटना : कम्तीमा ७ जनाको मृत्यु

अकरा, १० अप्रिल (सिन्हवा) । घानाको उत्तरी क्षेत्रमा भएको डुङ्गा दुर्घटनामा कम्तीमा ७ जनाको मृत्यु भएको छ भने अझै २ जना बेपत्ता रहेका छन् । घाना समुद्री प्राधिकरणका अनुसार यो घटना भोल्टा ताल क्षेत्रमा बुधबार भएको हो । डुङ्गामा कुल १४ जना यात्रु रहेका थिए । यात्राको क्रममा अचानक आएको खराब मौसमका कारण डुङ्गा पल्टिएको बताइएको छ । घटनापछि तत्काल उद्धार तथा खोजी कार्य सुरु गरिएको थियो, जसमा ५ जना पुरुषलाई जीवित उद्धार गरिएको छ ।

तर, अधिकारीहरूका अनुसार ९ जना डुबेको आशङ्का गरिएको छ । हालसम्म ७ वटा शव फेला परेका छन्, जसमा २ जना महिला र ५ जना बालबालिका रहेका छन् । घाना नौसेना र समुद्री प्राधिकरणका डाइभरहरूको टोलीले अझै बेपत्ता रहेका २ जना–एक महिला र एक बालबालिकाको खोजी जारी राखेको छ । घटनाको वास्तविक कारण पत्ता लगाउन अनुसन्धान पनि भइरहेको छ ।

### अफगानिस्तानमा बाढीका कारण दसौँ हजार प्रभावित : राष्ट्रसङ्घ

काबुल, २६ चैत (सिन्हवा) । गएको दुई हप्तामा अफगानिस्तानमा गम्भीर मौसमी वर्षाका कारण आएको बाढीमा परी दसौँ हजार प्रभावित भएको टोलो न्यूजले शुक्रबार संयुक्त राष्ट्र सङ्घलाई उद्धृत गर्दै रिपोर्ट गरेको छ ।

राष्ट्रसङ्घको प्रतिवेदन अनुसार मार्च २६ देखि अप्रिल -६ सम्म देशमा परेको भारी वर्षा र बाढीका कारण विभिन्न प्रान्तमा असर पर्नुका साथै सयौँ गाउँहरू जलमग्न भएका छन् । यस प्रकोपबाट ७३ हजारभन्दा बढी मानिस प्रभावित भएको जनाइएको छ ।

बाढीका कारण नौ हजार भन्दा बढी घरहरू क्षतिग्रस्त भएको जनाइएको छ भने कृषि बाली तथा जग्गासमेत नष्ट भएको जनाइएको छ । जसले प्रभावित क्षेत्रहरूमा खाद्य सुरक्षाको बारेमा गम्भीर चिन्ता बढाएको छ भने ५०० भन्दा बढी घर पालुवा जनावरको मृत्यु हुँदा खेती तथा पशुपालनमा निर्भर ग्रामीण परिवारहरूको सङ्कट अझै बढेको छ ।

# जर्मनीद्वारा इरानसँग प्रत्यक्ष वार्ता पुनः सुरु गर्ने निर्णय

बर्लिन, १० अप्रिल (सिन्हवा) । जर्मनीका चान्सलर फ्रिड्रिख मर्जले अमेरिका र इरानबिच हालै सहमति भएको दुईहप्ते युद्धविरामलाई समर्थन गर्न जर्मनीले इरानसँग प्रत्यक्ष वार्ता पुनः सुरु गर्ने घोषणा गर्नुभएको छ । बर्लिनमा आयोजित पत्रकार सम्मेलनमा उहाँले लामो समयदेखि जारी तनावपछि पहिलोपटक कूटनीतिक समाधान खोज्ने वास्तविक अवसर खुलेको बताउनुभयो । तर, उहाँले मध्यपूर्व क्षेत्रको समग्र अवस्था अझै पनि निकै संवेदनशील र अस्थिर रहेको उल्लेख गर्दै सावधानी अपनाउनुपर्ने आवश्यकता औँल्याउनुभएको छ ।

अमेरिका र इरानबिच भएको युद्धविरामपछि प्रत्यक्ष वार्ता पाकिस्तानको राजधानी इस्लामाबादमा आयोजना हुने तय भएको छ । यस वार्तामा सहभागी हुन जर्मनीको एक उच्चस्तरीय वार्ता टोली पाकिस्तानतर्फ प्रस्थान गरिसकेको छ । मर्जले पाकिस्तानका प्रधानमन्त्री शहबाज शरीफसँग टेलिफोन संवाद गर्ने कार्यक्रम पनि रहेको जानकारी दिनुभयो, जसमा वार्ताको तयारी र समन्वयबारे छलफल हुने अपेक्षा गरिएको छ ।

यसै क्रममा मर्जले अमेरिकी राष्ट्रपतिसँग पनि टेलिफोन वार्ता गर्नुभएको छ । उहाँले अमेरिकालाई यो वार्तालाई गम्भीरतापूर्वक लिन र दीर्घकालीन शान्ति स्थापना गर्ने दिशामा सक्रिय भूमिका खेल्न आग्रह गर्नुभयो । जर्मनीले आफूलाई एक मध्यस्थकर्ताको रूपमा प्रस्तुत गर्दै द्विपक्षीय संवादलाई अघि बढाउन प्रयास गरिरहेको देखिन्छ ।

यद्यपि, उहाँले जर्मनीमा रहेका अमेरिकी सैनिक फौज फिर्ता गर्ने विषयमा कुनै प्रकारको छलफल नभएको स्पष्ट पार्नुभयो, जसले जर्मनी-अमेरिका सुरक्षा सहकार्य यथावत् रहेको सङ्केत गर्छ ।

यसका साथै, मर्जले मध्यपूर्वको अर्को संवेदनशील क्षेत्र लेबनानको अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गर्नुभयो । उहाँले इजरायलले लेबनानमा जारी राखेको सैन्य कारबाहीले समग्र शान्ति प्रक्रियामा नकारात्मक असर पार्न सक्ने चेतावनी दिनुभएको छ । उहाँका अनुसार यदि यस्तो गतिविधि जारी रहयो भने हाल सुरु भएको कूटनीतिक पहल असफल हुन सक्ने जोखिम उच्च रहनेछ ।

जर्मनीले वर्तमान परिस्थितिलाई कूटनीतिक रूपमा समाधान गर्ने अवसरको रूपमा लिएको छ र अन्तर्राष्ट्रिय साझेदारहरूसँग समन्वय गर्दै शान्ति स्थापना गर्ने प्रयासलाई तीव्र बनाएको देखिन्छ ।

# विश्व अर्थतन्त्रमा जोखिम बढ्दै, सावधानी आवश्यक : आईएमएफ

न्यूयोर्क, १० अप्रिल (सिन्हवा) । अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) को प्रमुख क्रिस्टालिना जर्जिएभाले मध्यपूर्वमा जारी युद्धका कारण विश्व अर्थतन्त्रमा परेको असर न्यूनीकरण गर्न सबै देशहरूले समन्वयात्मक रूपमा काम गर्नुपर्ने आह्वान गर्नुभएको छ । न्यूयोर्कमा आयोजित सन् २०२६ को वसन्त बैठकको उद्घाटनका अवसरमा बोल्दै उनले एक्लाएक्लै निर्णय लिने, निर्यात नियन्त्रण गर्ने वा मूल्य नियन्त्रणजस्ता कदमहरूले विश्व आर्थिक अवस्थालाई अझ अस्थिर बनाउन सक्ने चेतावनी दिनुभएको छ ।

उहाँका अनुसार प्रत्येक देशका वित्तीय निकायहरूले कमजोर वर्गलाई लक्षित गरी सीमित र अस्थायी सहयोग प्रदान गर्नुपर्छ, जुन मध्यम अवधिको आर्थिक योजनासँग मिल्दोजुल्दो हुनुपर्छ । यसले आर्थिक दबाबमा परेका नागरिकलाई राहत दिन सहयोग गर्नेछ तर दीर्घकालीन आर्थिक स्थायित्वमा असर नपार्नेछ ।

त्यसैगरी, उहाँले केन्द्रीय बैङ्कहरूलाई पनि सचेत रहन आग्रह गर्दै मुद्रास्फीति अनियन्त्रित हुने सङ्केत देखिएमा ब्याजदर बढाएर नियन्त्रण गर्नुपर्ने बताउनुभएको छ । उहाँले यस्तो कदमले मूल्यवृद्धिको चक्रलाई नियन्त्रण गर्न मद्दत गर्ने उल्लेख गर्नुभयो । साथै, आर्थिक सहयोग कार्यक्रमहरू अस्थायी र स्पष्ट समयसीमासहित लागू गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले वित्तीय नियामक निकायहरूलाई पनि सजग, लचिलो र छिटो प्रतिक्रिया दिन सक्ने बनिनुपर्ने आवश्यकता औँल्याउनुभएको छ, किनभने वर्तमान अवस्था अत्यन्त परिवर्तनशील रहेको छ । सीमित आर्थिक स्रोतहरूको जिम्मेवार प्रयोग गर्दै वित्तीय स्थायित्व कायम राख्न सूक्ष्म तथा समष्टिगत नीतिहरू प्रभावकारी रूपमा लागू गर्नुपर्ने उहाँले बताउनुभयो ।

उहाँले सदस्य राष्ट्रहरूलाई आवश्यक वित्तीय सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दै मध्यपूर्व युद्धको प्रभावका कारण छोटो अवधिमा भुक्तानी सन्तुलनका लागि सहयोगको माग करिब २० अर्बदेखि ५० अर्ब डलरसम्म पुग्न सक्ने अनुमान व्यक्त गर्नुभएको छ ।

हास्यव्यङ्ग्य

# 'ग' को गनगन र गुनासो

✍ इकुश्रे

क, ख र घ, ङ का ठ्याक्कै बिचमा आउने म 'ग' हुँ । कतै अङ्ग्रेजी शब्द र हिन्दी साहित्यमा भुलिएर मलाई भुसुक्कै बिर्सनुभएको त छैन नि ! म नेपाली वर्णमालाको निकै गज्जबको अक्षर हुँ । मेरो रूप सुधी, गुनी र निर्दोष गाईको गोडाजस्तै छ । त्यसैले म मलाई 'गाईगोडे ग' को नाम दिइयो । यो परिचयात्मक नाम मलाई साँच्चै नै मन पनि परेको छ ।

मलाई आफ्नो यो रूपमा कहिल्यै हीनताबोध भएन, बरु गर्व नै लाग्यो किनकि तेस्रो नम्बरमा भए पनि मभित्र 'गणेश' को शक्ति छ, 'गङ्गा' को पवित्रता छ र 'गन्तव्य' को स्पष्टता छ । तर अचेल मलाई एउटा यस्तो रोगले सताएको छ, जसको उपचार कुनै अस्पतालमा छैन, केवल तपाईंहरूको कलम र किबोर्डमा मात्रै छ । मलाई अचम्म लाग्छ, मान्छेहरूले मलाई माया गरेका हुन् कि सिध्याउन खोजेका हुन् ? जहाँ म बोलिन्छु, जहाँ मेरो उच्चारण हुन्छ, त्यहाँ मलाई ठिक्कै छ तर जहाँ मेरो कुनै काम छैन, जहाँ म उच्चारणमा कतै सुनिँदा पनि सुनिदिनँ, त्यहाँ मलाई किन जबरजस्ती खुट्टामा झुन्ड्याएर 'कुकुक्क' पारिन्छ ? मेरो यो गुनासो सुन्ने फुर्सद कसैलाई छ ? एक मन त लाग्छ, कतै न्यायालयमै मुद्दा हालूँ । तर कतिपय अनुभवीहरू भन्छन् ,"त्यहाँ पनि आजकल दूधको दूध पानीको पानी छुट्याउनेभन्दा पनि दूधलाई पानी र पानीलाई दूध बनाइदिने चलन चलेको छ ।" यस्तो भएपछि जे भए पनि आफैँमा गमक्क परेर बस्नुको बिकल्प के नै छ र !

आजकालको जमानामा अनपढ कोही पनि छैनन् । नजान्ने भन्दा पनि बढ्ता जान्ने छन् । नबुझ्नेभन्दा पनि बढ्ता बुझ्ने छन् । हो, तिनै पढेका र बुझेका भनिएकाहरूले नै मलाई हदैसम्मको सास्ती दिएका छन् । विशेष गरी यो 'मासिगेडी ङ' अक्षरको पुच्छरमा मलाई बाँधेर घिसार्ने चलनले मेरो ढाड नै गम्भीर घाइते भैसक्यो । यो देखेर र सम्झिल्याउँदा मलाई शङ्का लाग्छ–"यो 'ङ' अक्षरसँग मेरो पूर्व जन्ममै कुनै दुस्मनी थियो कि क्या हो !" नत्र, कतै 'तामाङ' लेख्नुपर्‍यो भने 'तामाङ्ग' किन लेखिन्छ ? 'भन्ज्याङ' लाई किन 'भन्ज्याङ्ग' बनाइन्छ ? यता सुन्नुस् त, के तपाईं कोही तामाङ साथीलाई बोलाउँदा 'ओ तामाङ-ग' भन्नुहुन्छ ? अथवा कतै यात्रा गर्दा 'देउराली भन्ज्याङ-ग' पुगियो भन्नुहुन्छ ? पक्कै भन्नुहुन्न नि ! जब मेरो उच्चारण नै हुँदैन भने मलाई त्यहाँ बिना तलबको 'सेक्युरिडी' गार्ड जस्तो किन उभ्याउनुहुन्छ ? त्यसरी झुन्डिएर उभिनुपर्दा मलाई त्यहाँ निसास्सिएर मरूँ जस्तो हुन्छ । मलाई लाग्छ, म कुनै अनावश्यक अतिथि हुँ जो कसैको घरमा पुग्दा 'किन आयो यो' भनेर हेला गरिन्छ, तैपनि म त्यहाँ बस्नैपर्ने बाध्यता छ ।

मलाई मपछिको मेरो छिमेकी साथी 'घरजस्तो घ' भएर घरैमा बसिरहन फिटिक्कै मन लाग्दैन । यताउता गइरहन मन लाग्छ । खोटाङ, बझाङ, लमजुङ, मुस्ताङ, मनाङ जस्ता सुन्दर ठाउँहरू मलाई औधि मन पर्छ । तर मलाई मन परेर के गर्नु ! ती ठाउँतिर जान खोज्यो कि त सबै ठाउँको नामपछाडि जबरजस्ती 'ङ्ग' झुन्ड्याइदिहाल्छन् ! तैपनि गाह्रो नमानी जान त जान्छु तर आफूलाई आफ्नै जीउ गर्‍हौं भएकोले ठाउँठाउँमा बिसाउँदै हिँड्दा पनि विशेषगरी उकाली ओरालीमा मलाई बढी नै थकाइ लाग्छ ।

नेपाली शब्दको रूपमा प्रयोग हुँदा नै मेरो रूप बिरूप भएको त यहाँहरूले थाहा पाइहाल्नुभयो । अझ यो अङ्ग्रेजी मोहले त मेरो हुर्मत नै लिएको छ । कतै यात्रामा जानुपर्दा बस वा गाडीको सीट पहिले नै 'बुकिङ' गर्नुपर्छ । तर, मलाई बिनापत्तामा त्यहाँ राखिदिएर 'बुकिङ-ग' बनाइदिन्छन् । 'ड्राइभिङ' सिक्ने मान्छेले स्टेयरिङ घुमाउँछ, तर लेख्नेले चाहिँ 'स्टेयरिङ-ग' लेखेर मेरो सातो नै घुमाइदिन्छ । कति राम्रो 'ड्राइभिङ' भन्दाभन्दै 'ड्राइभिङ-ग' रे ! यो कुन भाषाको व्याकरण हो ? 'ट्रेनिङ', 'मिटिङ', 'बैङ्किङ', 'इन्जिनियरिङ' देखि लिएर 'भाङ' र 'भ्याङ' शब्दमा समेत मलाई पछाडि झुन्ड्याएर के पाउनुहुन्छ, हँ ? उच्चारण गर्दा 'ङ' को मधुरो नाके स्वर निकाले पुगिहाल्छ, बिरालो कराएजसरी 'ङ्याउँ' नै गरिहाल्न त पर्ने होइन नि ! तर कलम हातमा भयो भन्दैमा मलाई तपाईंहरू किन जथाभावी भारी बोकाउनुहुन्छ ? इन्जिनियर सा' बहरूले ठूलठूला घरको नक्शा बनाउनुहुन्छ, तर मेरो व्याकरणको घर चाहिँ 'इन्जिनियरिङ-ग' बनाएर किन बिगारिदिनुहुन्छ ?

मलाई लाग्छ, मैले गल्ती गरेकै छैन । कसैको पनि केही बिगारेकै छैन । यति हुँदाहुँदै पनि मजस्तो गाईप्राणी अक्षरलाई लोकले अति नै दुःख दियो । अति नै बदनाम गर्‍यो । मानौँ, म यस्तो भाइरस हुँ जो जहाँ पायो त्यहीँ टाँसिइरहनु पर्छ । जो आफू छँदै छ तर पनि उसलाई परनिर्भर बनाईंदै छ । अस्तित्वविहीन बनाइँदै छ । हामीलाई थाहा छँदै छ– जसको अस्तित्व हुन्छ उसको अर्थ हुन्छ । जसको अर्थ हुन्छ, उसको कुनै न कुनै चाहना वा इच्छा पनि त हुन्छ । मेरो अस्तित्व र अर्थ भएकोले मेरो पनि आफ्नै इच्छा र चाहना हुनु स्वाभाविकै हो । त्यसैले मलाई 'गायक' को स्वरसँगै स्वर मिलाएर गीत गाउन मन लाग्छ, 'गहुँ' को बाला बनेर खेतमा झुल्न मन लाग्छ, र 'गौशाला' मा बसेर गाईको सेवा गर्न मन लाग्छ । तर, मलाई यी आधुनिक शब्दका खुट्टामा बाँधेर घिसारिरहँदा मेरो 'गहनता' र 'गरिमा' कुन 'गर्त' मा पुग्यो होला, एकपटक कहिल्यै गहिरिएर सोच्नुभएको छ ?

नेपालीमा म 'गाईगोडे ग' भनिए पनि मेरो सम्बन्ध र साहिनो अन्य भाषाका ध्वनिसँग पनि भएको हुनुपर्छ । सोच्छु–ठाउँ चिसो होस् वा तातो, मलाई उच्चारण नगरी कसरी भाषामा गरमागरम बहस होला ! अङ्ग्रेजी भाषासँग मेरो सम्बन्ध भएको कुरा त मलाई नै थाहा छ, जहाँ मलाई 'जी' अक्षरका रूपमा चिनाइन्छ । कतैचाहिँ 'घ' उच्चारणका लागि 'एच'को सहायकका रूपमा पनि मैलाई राखिन्छ । 'ग्वाटेमाला' तथा 'ग्रीस' का लागि म एक्लै काफी छु तर 'घाना' का लागि मैले 'एच' को सहारा लिनुपर्ने हुन्छ । तर, जर्मनी र जर्जियासँग मेरो कुनै सम्बन्ध नै छैन । यसरी हेर्दा, मलाई राष्ट्रिय स्तरमा मात्र होइन अन्तर्राष्ट्रिय स्तरमै हेपिएको हो कि भन्ने पनि लाग्छ ।

नेपाली भाषाप्रेमी महानुभावहरूले कहिलेकाहीं मलाई नेपाली भाषी बढी भएको देशतिर घुमाउन पनि लानुहुन्छ । यस क्रममा मलाई मनपर्ने देश हङकङ हो । तर म त्यस्तो नामी देशमा पनि 'हङकङ्ग' भएर जानुपर्दा साह्रै दुःख लाग्छ । कुनै पनि भजन, गीत रेकर्ड गर्नु राम्रो हो । तर त्यस क्रममा तपाईंहरू मलाई 'रेकर्डिङ्ग' मा थुन्नुहुन्छ । मलाई त्यहाँ बस्दा कति कष्ट हुन्छ, त्यो मलाई मात्र थाहा छ । मलाई लाग्छ, धेरै जान्ने हुन खोज्दा तपाईंहरूले मलाई 'गधा' बनाइरहनुभएको छ । मलाई 'गम' बनेर ज्ञानका किताब टाँस्न मन छ, तर यी अनावश्यक शब्दमा टाँसिएर आफ्नो अपमान गराउन मन छैन । के मलाई यो अपमानबाट मुक्ति दिने कोही हुनुहुन्न ? के नेपाली व्याकरणका नियमहरू मलाई अर्काको गोडामा भुन्डिनकै लागि बनाइएका हुन् ? म त यो देशमा 'गणतन्त्र' को फल चाख्न चाहन्छु । हरेक विकासमा 'गति' दिन चाहन्छु । हरेक संस्कृति र परम्परालाई 'गुणवान्' बनाउन चाहन्छु । विदेशी बाजाका सट्टा हाम्रै नेपाली लोकबाजा 'सारङ्गी'सँग रमाएर गतिलो 'गाइने' बन्न चाहन्छु । तर मलाई आफ्नै शुद्ध पारामा गमन गर्न नदिएर 'इङ्लिस' को बिचमा समेत 'इङ्गलिश' बनाएर किन हुर्मत लिइन्छ ?

मेरो यो गुनासो केवल मेरो मात्र होइन, यो सिङ्गो नेपाली भाषालाई शुद्ध बनाउन चाहने व्याकरणको गुनासो हो । जब म 'अङ्ग' मा बस्छु, म खुसी हुन्छु किनकि त्यहाँ म बोलिन्छु । जब म 'रङ्ग' मा बस्छु, मलाई रङ्गीन महसुस हुन्छ । तर जब मलाई 'मार्केटिङ' वा 'प्रुफ रिडिङ' को पुच्छरमा झुन्ड्याइन्छ, मलाई लाग्छ म कुनै बेकारको वस्तु हुँ । व्याकरणका पण्डितहरू र भाषाका विद्यार्थीहरूलाई मेरो एउटै बिन्ती छ– मलाई यो अनावश्यक भारीबाट मुक्ति दिनुस् । मलाई खुट्टामा झुन्ड्याएर होइन, शिरमा राखेर मेरो सम्मान गर्नुस् । नत्र, मलाई पनि त रिस उठ्छ अनि म तपाईंहरूका हरेक कामकुराको 'गति' नै बिगारिदिन्छु नि !

पहिला पहिला जे जति गल्ती गर्नुभयो गर्नुभयो, अब यो नयाँ वर्षदेखि चाहिँ 'ग' लाई सही ठाउँमा मात्र प्रयोग गर्ने कसम खानुस् । मलाई नचाहिँदो 'गफ' गर्न मन छैन, मलाई त काम गरेर देखाउनु छ । मेरो यो गुनासो सुनिदिनुभयो भने म तपाईंहरूको 'गुन' कहिल्यै बिर्सने छैन । अब त पक्कै मान्नुहोला नि, कि अझै मलाई कतै झुन्ड्याउने सोचमै हुनुहुन्छ ? आइन्दा मेरो सातो नलिनुस् । मलाई दुःख नदिनुस् । मलाई मेरो स्वतन्त्र आकाशमा उड्न दिनुस् र यो व्याकरणको भुलभुलैयाबाट मलाई सदाका लागि बाहिर निकालिदिनुस् ।

लघु कथा

# शुभकामना

✍ गङ्गा

२०८२ को एसईई परीक्षा सकाएर शनिबारको दिन मन बहलाउन दुई विद्यालयका साथी राम र अर्जुन सूर्यविनायक घुम्न गए । सूर्यविनायकको दर्शन गरेपछि अगाडिको दुबै मेचमा बसे । दुबैले पूर्वतिर नगरकोट सुन्दर दृश्य नियाले । सुन्दर दृश्य हेरेपछि रामले भने, आहा ! कस्तो आनन्द ! लौ हेर, मान्छेले हिजोका अति सुन्दर पहाड अनि जङ्गल विनास र प्लटिङका नाममा आज कुरूप पारे । जग्गा दलालले मालपोत कर्मचारी र जनप्रतिनिधिलाई कति घुस खुवाएर त्यसो बनाए होलान् । जसरी भए पनि धेरै पैसा कमाउन अनि पैसाको लागि मान्छेले आफ्नो आमा बाबु स्वास्नीसमेत बेच्छन् भनेको यसरी नै भएर हो । ल, अब पढाइको कुरा गरौँ । उनले पढाइको विषयमा भने, महाभारतमा अर्जुनले माछाको आँखामा वाण निसाना लगाएजस्तै तिमीले पनि परीक्षामा (ए) मा निसाना लगाउन सकोस् । यही नव वर्ष २०८३ को अवसरमा अग्रीम बधाई एवं शुभकामना ! अनि तिम्रो भविष्यको योजना के छ ? कतै खाडी अमेरिकातिर त उड्ने होइन ?

अर्जुनले पनि रामलाई त्यस्तै बधाई र शुभकामना दिए । साथी रामको जिज्ञासा मेटाउन उनले गम्भीर भएर भने, मेरो त राम्रो पढेर डाक्टर बन्ने योजना छ । तर, घरको आर्थिक अवस्था एकदम नाजुक छ । आमा पार्टी प्यालेसमा जुठो भाडा माझ्न जानुहुन्छ । त्यो पनि कहिलेकाहीं मात्र हुन्छ । बुबा कुलतमा परेर बिरामी हुनुहुन्छ । म गरिबको छोरोले कसरी डाक्टर पढ्नु खोइ ! ? कमसेकम सरकारले भक्तपुर नगरपालिकालाई १५ लाखमा डाक्टर पढाउन ख्वप विश्वविद्यालय खोल्न दिएको भए नगरपालिका र अरु सहयोगी हातहरूसँग अलिअलि ऋण लिएर भए पनि डाक्टर पढ्ने आस हुन्थ्यो । नत्र मजस्तो थुप्रै भक्तपुरलगायत हिमाल, पहाड, तराईका जनताका छोराछोरीहरू पनि डाक्टर भए होलान् । कहिलेकाहीं घरको नाजुक अवस्था हेर्दा त तिमीले भनेजस्तो खाडी, अमेरिका उडेजस्तो लाग्छ । तर, एकैछिनमा हामीजस्ता संसारका गरिब देशमाथि प्राकृतिक स्रोत लुट्न, देशभक्त नेताहरूका हत्या गर्न आक्रमण, हस्तक्षेप गर्ने अमेरिकामा म कदापि जान्न, जानैपर्ने भए खाडीतिर जाउँ कि भन्ने विचार पनि आउँछ । त्यसरी विदेश जाँदा हाम्रो देश कसरी बन्छ ? विदेशी आएर हाम्रो देश बनाइदिँदैन क्यारे । त्यसरी बनाइदिएको देश हाम्रो हुँदैन । अफ्रिका, ल्याटिन अमेरिकामा त्यस्तो भयो, भन्छन् । हाम्रो देश बनाउने त हामीजस्ता युवा विद्यार्थीहरूले हो नि, होइन र ? म त विदेश जान्न । देशको माया छ । बरु रुखो भात, रोटी खाएर यहीं रगत पसिना बगाउँछु । हाम्रा करोडौं बाध्य पारेर विदेश पठाएका युवा विद्यार्थीले विदेश बनाउँदै छन् । तर हाम्रो देश बनेन । गतिलो देशभक्त सरकारहरू भइदिएको भए पो । सबै कान चिरेका मात्र आउँछन् । हामीले पनि आफ्नो स्वार्थमा यस्तै मान्छे, पार्टीलाई जिताएर पठायौं नि होइन ?

ल राम तिमीले त अहिले नै हाम्रो देशलाई रामराज्य बनाउने विचार गरेछौ । खुसी लाग्यो । यसको लागि पुनः शुभकामना छ । लौ भोक पनि लाग्यो । तल पसलमा चिया खान जाऊँ भन्दै दुबै गए ।

# नक्कली सत्यको ऋण

✍ सत्य सुवाल

भोट खस्यो, सकियो
बाकस बन्द भयो, सकियो
गन्ती सकियो, घोषणा सकियो
चुनाव त सकियो
तर हिसाब ? हिसाब भर्खर सुरु भयो ।

औंलामा मसी सुकेको छैन
तर मनमा प्रश्न उम्रिसक्यो
"के मैले आफ्नै मनले भोट हालेँ ?
कि अल्गोरिडमले बनाएको मनले मलाई हाले ?"

खोपडी मेरो थियो
पसिना मेरो थियो
नागरिकता मेरै थियो
तर खोपडीभित्र घन्किएको घण्टी
मेरो थिएन
त्यो त रातभर स्क्रिनबाट आएको थियो
सिलिकन भ्यालीमा लेखिएको स्क्रिप्ट
समुद्रपारिबाट उडेर
सिधै मेरो निद्रामा पसेको थियो
बिहान उठ्दा 'जनमत' बनेर बसेको थियो ।

भक्तपुरको ईँटाले पनि सोच्यो होला,
"मेरो गन्ध चिन्ने नाक कहाँ गयो ?"
पाँचतलेको सिँढिले पनि सोध्यो होला,
"मलाई टेक्ने गोडा कता हरायो ?"
पचपन्न झ्याले दरबार पनि झस्कियो होला,
"मेरो कथा पढ्ने आँखा कता गयो ?"
तर के गर्ने, रिल्स हेर्ने फुर्सदले
मत पनि पायो, भविष्यको ठेक्का पनि पायो ।

जित्नेहरू मञ्चमा छन्
हार्नेहरू मौन छन्
तर सबैभन्दा धेरै हार त
तिम्रो र मेरो भयो
हाम्रो आँखा हुँदाहुँदै
हाम्रो विवेक एल्गोरिदमलाई भाडामा गयो
हाम्रो भरोसा लाइक र शेयरमा बिक्यो ।

अब किसानले मल खोज्छ – पाउँदैन
आमाले छोरो खोज्छिन् – विदेश गइसक्यो
विद्यार्थीले किताब खोज्छ – रिल्स मात्र भेट्छ
भक्तपुरको कालिगडले काम खोज्छ –
आयातित सामानले थिचिसक्यो
अनि बल्ल बुझिन्छ
त्यो दिन हामीले नेता चुनेका थिएनौँ
हामीले त एल्गोरिदमले छानेको अनुहार चुनेका थियौँ
'ट्रेन्ड' चुनेका थियौँ
'हल्ला' चुनेका थियौँ ।

यो नक्कली सत्य हो
यति चिल्लो छ कि ऐनाजस्तै टल्किन्छ
यति मिठो छ कि महजस्तै लाग्छ
तर भित्रभित्र देशलाई कीरा लाग्छ
पुस्ता पुस्तालाई ऋण लाग्छ ।

नक्कली सत्य
सक्कली झूटभन्दा हजार गुणा घातक हुन्छ
किनकि झूटलाई त चिनिन्छ
"तँ झूट होस्" भनेर भक्तपुरको टोलमा
औँला ठड्याउन सकिन्छ
तर नक्कली सत्यलाई त फूलमाला लगाइन्छ
जिन्दावाद भनिन्छ
बल्ल बल्ल थाहा हुन्छ
अँगालो हालेको त विषलाई रहेछ ।

राति सुत्नुअघि एक पटक छाम्नु है छाती
के साँच्चै ढुक्क छ ?
भोलि बिहान उठ्दा
यो देश, यो भक्तपुर, यो माटो
तिम्रो छोराछोरीले पाउँछन् कि
एल्गोरिदमले बेचिसकेको बिल पाउँछन् ?

चुनाव सकियो, हो
तर जिम्मेवारी सकिएको छैन
पश्चाताप गर्ने दिन आउनुभन्दा अगाडि
आजै सोध आफैंलाई
मेरो विवेक मेरै थियो कि भाडाको ?
मैले तिरेको विश्वासको मूल्य
सिलिकन भ्यालीले उठायो कि सिंहदरबारले ?

सत्य सक्कली हुनुपर्छ
भक्तपुरको ईँटाजस्तै खाँदिलो
जुरेलीको पसिनाजस्तै नुनिलो
नत्र हामी सबै
नक्कली देशका नक्कली नागरिक
बन्न बेर लाग्दैन ।

# मेरो विश्व

✍ 'विद्रोही' राम

हर्मुज जलडमरूको
निलो छातीमा
बम बारुद आफै
झुण्ड्याउँछ
ह्वाइट हाउस ।

अनि
आकाशमा बिजुलीझैं चर्किन्छ
सम्झौता गर,
नत्र
नर्कका बादलहरू
तिमीमाथि बर्सिनेछ ।

त्यो आवाज
पूरै गुञ्जिन नपाउँदै
मरुभूमिको धूलोसँगै
क्रोधले भरिएको
अर्को प्रतिध्वनि आयो–

यदि तिमीले ढोका खोल्यौ भने
नर्कका ढोकाहरू
तिमीमाथि नै खुल्नेछ ।

जुन आवाज
तेहरानको थिएन
समयको चेतावनी थियो ।

किन नबुझेको ?

मेरो विश्व !
हर्मुज जलडमरूको निलो छातीमा
बगिरहेका
तेलका जहाजहरूसँगै
बगिरहेछ
मानवताको भविष्य पनि ।

# खबरदार !

✍ साहिँला

सिद्धान्त र विचारबिनाको दल
दल होइन हुलमुलको जमात
हुल जमातको नेता हुन्न
हाहुमा लाग्नेको इज्जत हुन्न ।

देशप्रतिको बफादारी हुन्न
जनताप्रतिको जिम्मेवारी हुन्न
आफ्नो भलो त जगत भलो
ठान्छन् उनीहरू जहिले पनि ।

म र मेरा महत्त्वाकाङ्क्षीहरू
अरूलाई जहिल्यै तुच्छ ठान्छन्
मै हुँ अब जे गरे नि हुन्छ भनी
अहङ्कारी पापी बन्छन् ।

राजनीतिक, मौलिक अधिकार
वाक् स्वतन्त्रता !
सारा जनताको अधिकार
रोकेर रोकिन्न ।

प्रजातन्त्र, गणतन्त्र
लोकतन्त्रको यो देशमा
आ-आफ्नै सिद्धान्त विचारअनुसार
पार्टी खोल्न पाउने हैन र ?

स्वतन्त्रताको बखान गरेर
अरूलाई दबाउने
दक्षिण र पश्चिमको इसारामा
जप्दै हिँड्छन् गलाको मन्त्र ।

तन्त्र मन्त्र जन्त्रको शक्ति
उनीहरूको निम्ति महावाणी
देशभक्त स्वाभिमानी नेपालीलाई
मान्य कहाँ होला नि ।

साम्राज्यवादीहरूको माना नखाने
जनताको सङ्घ सङ्गठनको
स्वतन्त्र, स्वाधीन मौलिक अधिकार
खोस्न पाइन्न खबरदार !

कविता

# निर्जीव साथी

✍ सृजना प्रजापति

सजीव हुँदा कसैको साथ पाइनँ ।
निर्जीवलाई साथी बनाइसकेपछि,
भन्छौ, तिमी त बिग्रिएछौ ।

सधैँ भेट हुँदा कर्के नजरले हेर्‍यौ ।
बाटो मोडिसकेपछि,
भन्छौ, तिमीले त माया मार्‍यौ ।

कमलो हुँदा कसैको प्रित पाइनँ ।
मनलाई कठोर बनाइसकेपछि,
भन्छौ, तिम्रो मन त ढुङ्गाजस्तो ।

कोपिला छँदा फक्रन दिइएन ।
कोपिलामै झरेपछि,
भन्छौ, फूलबिना व्यर्थ छ तिम्रो जीवन ।

# प्रभातको साधारणसभा सम्पन्न

भक्तपुर, २७ चैत । प्रभात सार्वजनिक शैक्षिक गुठीको साधारणसभा विद्यालयको सभाकक्षमा शुक्रबार सम्पन्न भयो ।

शैक्षिक गुठीका अध्यक्ष प्रेम सुवालले संस्थाका सबै सदस्यहरू प्रभात इङ्गलिस सेकेन्डरी स्कूललाई जनताको शैक्षिक संस्थाको रूपमा अघि बढाउन लागिपरेको उल्लेख गर्नुभयो ।

उहाँले प्रभातलाई शैक्षिक गुणस्तयुक्त विद्यालय बनाउन शिक्षक र कर्मचारीहरू पनि लागिपरेको उल्लेख गर्दै विद्यालयको गुणस्तर बढाउन साना कक्षादेखि राम्रो गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

विद्यालयका प्राचार्य वदनकेशरी प्रजापतिले पेस गर्नुभएको वार्षिक प्रतिवेदनमा साधारण सभाका सदस्यहरूले सुझाव दिनुभएको थियो ।

सभाले प्रतिवेदनलाई सुझावसहित पारित गऱ्यो ।

# मध्यपूर्व युद्धले विश्व अर्थतन्त्रमा ठुलो असर

बर्लिन, १० अप्रिल (सिन्हवा) । हालै अन्तर्राष्ट्रिय मुद्रा कोषले विश्व अर्थतन्त्रको वृद्धिदर घट्ने चेतावनी दिएको छ । यसको मुख्य कारण मध्यपूर्व क्षेत्रमा भइरहेको युद्ध हो, जसले विश्वभर गम्भीर आर्थिक असर पारिरहेको छ । यसको प्रमुखले युद्धपछि परिस्थिति पहिले जस्तो सहज रूपमा फर्किने सम्भावना नभरहेको बताउनुभयो । ऊर्जा स्रोतको मूल्य तीव्र रूपमा बढ्नु, सडक, उद्योगजस्ता संरचनामा क्षति हुनु, आपूर्ति प्रणालीमा अवरोध आउनु र बजारमा विश्वास घट्नुजस्ता कारणले विश्व आर्थिक वृद्धिमा ठुलो असर परेको छ ।

यस संस्थाले युद्धबाट प्रभावित देशहरूलाई सहयोग गर्न तत्काल ठुलो आर्थिक सहायता आवश्यक पर्ने जनाएको छ । अनुमान अनुसार २० अर्बदेखि ५० अर्ब डलरसम्म सहयोग आवश्यक पर्न सक्छ । यसका साथै खाद्य सङ्कट पनि बढ्ने देखिएको छ, जसका कारण कम्तीमा ४५ लाख मानिस प्रभावित हुने सम्भावना छ । विशेषगरी गरिब तथा ऊर्जा आयात गर्ने देशहरू यस सङ्कटबाट सबैभन्दा बढी प्रभावित हुनेछन् ।

यसैबिच विश्व बैङ्कका अध्यक्षले पनि विकासशील देशहरूलाई सहयोग गर्न छोटो समयमा २५ अर्ब डलरसम्म उपलब्ध गराउन सकिने बताउनुभयो । दीर्घकालीन रूपमा भने ६० अर्ब डलरसम्म सहयोग गर्न सकिने योजना रहेको छ । यो युद्धले तेलको मूल्य बढाएको छ, किनभने महत्त्वपूर्ण जलमार्ग अवरुद्ध भएपछि विश्व बजारमा आपूर्ति घटेको छ ।

यसका कारण विश्वव्यापी मुद्रास्फीति पनि बढ्ने अपेक्षा गरिएको छ । तेल, ग्यास र मलको मूल्य बढ्दा खाद्यान्न उत्पादन महँगो हुनेछ, जसले खाद्य मूल्य पनि बढाउनेछ । यसले गरिब देशहरूमा भोकमरीको जोखिम झन बढाउनेछ । यस संस्थाका अनुसार युद्ध हुने देशहरूको उत्पादन सुरुमा करिब ३ प्रतिशतले घट्छ र यसको असर लामो समयसम्म रहन्छ ।

*ट्रम्प...*

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवाल, जिल्ला समितिका अध्यक्ष विष्णुराम दुमरू र डकर्मी सङ्घका कृष्णप्रसाद गोसाईले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा सूर्यनारायण फाजुले पनि बोल्नुभएको थियो ।


## हार्दिक समवेदना



यस भजन परिवारका सदस्य जयराम रंजितकारकी ममतामयी माता **जगतलक्ष्मी रंजितकार**को दु:खद निधन भएको आज ४५ औं दिनको पुण्यतिथिमा मृतआत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकोस् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

जन्म:१९९२/03/10
निधन:२०८२/११/१४

**श्री हनुमानघाट रामायण भजन परिवार**
भ.न.पा.-७, राम जानकी मन्दिर, भक्तपुर



## टन्सिलका लक्षण:

- ❖ घाँटी दुख्ने, सुन्निने, रातो देखिने र ज्वरो आउने,
- ❖ घाँटीभित्र कहिलेकाहीं सेतो दाग वा पिप देखिने,
- ❖ बोल्दा आवाज बदलिने वा करकराउने,
- ❖ खाना निल्न गाह्रो हुने,
- ❖ शरीर दुख्ने र थकान महसुस हुने,
- ❖ श्वास फेर्दा दुर्गन्ध आउने,
- ❖ कहिलेकाहीं वाकवाकी लाग्ने वा पेट दुख्ने टन्सिलका लक्षण हुन सक्छन्,

यस्ता लक्षण देखिएमा चिकित्सकसंग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड




प्रसिद्ध बिस्का जात्रा तथा नयाँ वर्ष २०८३ को अवसरमा भक्तपुर नगरपालिकाको आह्वानमा २०८२ चैत्र २७ गते शुक्रबार आयोजित शुभकामना ऱ्याली तथा सभामा सहभागीहरू । *तस्बिर : मजदुर दैनिक*

# सरकारको निर्णय अव्यवहारिक र अदूरदर्शी नहोस्

काठमाडौं, २७ चैत । सरकारले गर्ने हरेक निर्णय सोचविचार गरेरमात्रै गर्नुपर्छ । सरकारको निर्णय अव्यवहारिक, अदूरदर्शी भयो भने जनतामा दूरगामी असर पर्छ । हतारमा निर्णय गरेर पछुताउने काम कुनै पनि सरकारले नगर्नु जाती हुन्छ । शैक्षिक सत्र २०८३ को भर्ना अभियान वैशाख १५ बाट सुरू गरेर वैशाख २१ देखि नियमित पठनपाठन गर्ने शिक्षा मन्त्रालयको निर्णय अदूरदर्शी र अव्यवहारिक छ । वैशाख १५ देखि भर्ना अभियान थालनी गरेर २१ गतेदेखि कक्षा सञ्चालन गर्ने सरकारी निर्णयले विद्यार्थीहरूको पढ्ने समय धेरै खेर जान्छ । एकातिर दुई दिनको बिदा र अर्कोतिर कक्षा सञ्चालन गर्ने दिन धेरै ढिलो भएपछि पढाइमा बाधा पर्छ नै । वैशाख २१ गते नियमित कक्षा सञ्चालन गर्दा त्यसअघिको समयलाई शिक्षकहरूले के गर्ने ? कक्षा सञ्चालन भनेको नयाँ भर्ना हुनको लागि मात्र होइन । पुराना विद्यार्थीको लागि कक्षा सञ्चालन गर्न यति ढिलो कुर्नु पर्दैन ।

नयाँ भर्नाको सुरू शैक्षिक सत्र सुरू भएकै दिनदेखि गर्नु उपयुक्त हुन्छ । विद्यालय प्रशासन खुलेपछि नयाँ भर्ना लिन बाधा पर्दैन । सम्भवत: नयाँ भर्ना लिन कुनै पनि विद्यालय वैशाख १५ गतेसम्म कुरेर बस्दैन न त कक्षा सञ्चालन गर्न वैशाख २१ गतेसम्म नै कुरेर बस्छ । विद्यार्थी भर्ना र विद्यालयको नियमित पठनपाठन सरकारले निर्धारण गरेको भन्दा अघि नै गर्दा सरकारलाई के बाधा पर्छ ? सरकारको के नोक्सान हुन्छ ? सरकारको निर्णय नै अव्यवहारिक भएपछि त्यसको पालना विद्यालयले कसरी गर्छ ? हरेक विद्यालयले विद्यार्थीको नतिजा चैत मसान्तभित्रै गरेको हुन्छ । वैशाखको पहिलो सातादेखि विद्यालय भर्ना र भर्नासँगै कक्षा सञ्चालन गरे पनि फरक पर्दैन । विद्यालयको नियमित कक्षा सञ्चालन गर्न नयाँ विद्यार्थी कुर्नु पर्दैन ।

एसईई परीक्षाको नतिजा वैशाखभित्रै गर्नु अन्यथा होइन । तर, नतिजा आइसकेपछि कलेजले भर्नाको सूचना जारी गर्नुपर्छ । नतिजा वैशाखमै निकालेर असार/साउनमा मात्र कलेजले भर्ना लिन्छ भने एसईईको चाँडै नतिजा प्रकाशन गरेर के गर्ने ? नतिजा प्रकाशन चाँडै गर्ने नाउँमा कापी परीक्षण व्यवस्थित भएन भने नतिजामा हेरफेर आउने सम्भावना हुन्छ । आफ्नै वडा या नगरको विद्यालयको कापी परीक्षण गर्दा विद्यालय चिन्ने नाताले गोप्यता भङ्ग हुने र मूल्याङ्कनमा पूर्वाग्रह हुनसक्ने सम्भावना हुन्छ । कुन परीक्षा केन्द्रमा कुन कुन विद्यालय परेको थाहा हुन्छ । कापी परीक्षकको कारण नतिजामा सोचेभन्दा धेरै फरक भयो भने शङ्का गर्ने ठाउँ हुन्छ । नतिजा आइसकेपछि शङ्का गरेर समस्या समाधान हुने होइन । यतातर्फ कापी परीक्षक जिम्मेवार हुनुपर्छ । आफ्नो दायित्व इमानदारीपूर्वक निर्वाह गर्नुपर्छ ।

हरेक विद्यालयलाई सबल, सक्षम र भरपर्दो बनाउन शिक्षा मन्त्रालयले पुग्दो विषयगत दरबन्दीको व्यवस्था गर्नुपर्छ । विद्यालयमा आवश्यक भौतिक, शैक्षिक तथा पुग्दो भवनको खाँचो हुन्छ । विद्यालयको लागि सरकारले सबै पूर्वाधारहरू तयार गर्नुपर्छ । विद्यालय सञ्चालन व्यवस्थित गर्न विद्यार्थीको लागि शैक्षिक सामग्री र भौतिक सामग्री जुट्दैन भने विद्यालयले सहयोग शुल्क लिनुनर्पे बाध्यता हुन्छ । नत्र, विद्यालय व्यवस्थित ढङ्गले सञ्चालन गर्न कठिन हुन्छ । आर्थिक अभावको कारण कति आधारभूत विद्यालय र माध्यमिक विद्यालयमा पर्याप्त विज्ञान सामग्री हुँदैन; व्यवस्थित पुस्तकालय हुँदैन । कम्प्युटरको कमी हुन्छ । विद्यालयको लागि आवश्यक शैक्षिक सामग्री सरकारले बन्दोबस्त गरे विद्यालयले थप शैक्षिक सेवा शुल्क लिनु आवश्यक हुँदैन । अहिले देशमा आधारभूत विद्यालयमात्र होइन माविको स्थिति पनि दयनीय छ । अनि कसरी शैक्षिक स्तर उठ्छ र विद्यार्थीहरूको व्यक्तित्व विकास हुन्छ ?

काम गरेपछि कुनै पनि बौद्धिक या शारीरिक मजदुरले उचित ज्याला पाउनुपर्छ । उचित पारिश्रमिक दिनको निम्ति विद्यालयले विद्यार्थीसँग शिक्षा सेवा शुल्क नलिई सुख छैन । तर, शिक्षा सेवा शुल्क अकुत सम्पत्ति कमाउने ध्येयले निर्धारण गर्नु हुँदैन । विद्यालय सञ्चालन गरेरै अकुत सम्पत्ति कमाउने ध्येयले शुल्क लिन्छ भने त्यसतर्फ शिक्षा मन्त्रालयको ध्यान जानुपर्छ । मापदण्ड, निर्देशिका र नियमावलीविपरीत विद्यालयले शुल्क लिइरहेको छ भने त्यसमा सोच्नु जरूरी छ । सबभन्दा राम्रो त देशभरि चलेका निजी स्कूल र कलेजहरू पनि सरकारले सञ्चालन गर्नु हो । निजी विद्यालयको लागि आवश्यक बजेट तर्जुमा गरेर सामुदायीकरण गर्ने अभियान थालनी गर्नुपर्छ । अनि देशमा दुई किसिमको शिक्षा प्रणाली हुनेछैन । सरकारको काम कहिले जाला घाम गर्ने ढङ्गले शिक्षकहरूले आफ्नो कर्तव्य इमानदारीपूर्वक निर्वाह गरेनन् भने शिक्षाको स्तर बढ्दैन । पदअनुसारको जिम्मेवारी बहन गरिएमा देशको शैक्षिक स्तर बढ्छ र आवश्यक जनशक्ति तयार हुन्छ ।

*प्रसिद्ध...*

उल्लासमय बनाउनुपर्नेमा जोड दिँदै तयारीका विषयमा जानकारी गराउनुभयो ।

उहाँले रथ तान्ने कार्य दिउँसो ३ बजेबाट सुरु हुने जानकारी दिनुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै योगेन्द्रमान बिजुक्छेले जात्रा पर्व मात्र नभई उत्सव भएको उल्लेख गर्नुभयो ।

उहाँले भाइचाराको भावना अभिवृद्धि गर्ने माध्यमका रूपमा जात्राको महत्त्व रहेको बताउँदै टोल-टोल र गल्ली-गल्लीमा समेत मनाइने भएकाले यसको विशेष महत्त्व रहेको धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

## बिस्का घाटु

ध्व: थें जागु रस रंग तोल ताव
राम हँ जि गना वाने

ध्व: थें जागु पिर गवलेसं मरेक
राम हँ जि गना वाने ॥

गना वाने गना च्वने
सुया भरे म्वाये रे
काय् म्ह्यायया भर
दगु मखु स्व: दैव
हरे राम दैव नारायण
ध्व: थें ....
बुरा बुरी जुय वल
ज्या याये मफयाव रे
काय् भौ हने मरू
छ्यपुँन: थ:थाये मरू
हरे राम दैव नारायण
ध्व: थें ....
चण्डालमा ठगं यङ
धेबा दको लाक यन रे

लोभि जुय दु:ख सिल
पिरं पिरं मन ख्वल
हरे राम दैव नारायण
ध्व: थें ....
अमेरिकां ल्वापु थ:य
चीकं भ: थाहाँ वन रे
सुंक च्वङ गाँचा थाङ
बाग ग्यास जक बिल
हरे राम दैव नारायण
ध्व: थें ....
ल्यसीं ख्यले ल्यसीं थाँथें
भ: बेसा थाहाँ वान रे
झि गरिब जनता
म्वायये था: कुल
हरे राम दैव नारायण
ध्व: थें ....
नापां च्वने छथाय् मुने
सल्लाह साहुती याये रे
जनता ख्वयेकि पिन्ता
झिसं लिङ छोय रे
हरे राम झि छप्पा जुय
ध्व: थें ....

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा